# राष्ट्रिय सदाचार नीति, २०८३

(नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८३।३।१८ मा स्वीकृत)

नेपाल सरकार

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

सिंहदरबार, काठमाडौं

# राष्ट्रिय सदाचार नीति, २०८३

## परिच्छेद १: परिचय

### १.१ पृष्ठभूमि

नेपालमा सदाचार, नैतिकता र सुशासनका मूल्यहरू ऐतिहासिक रूपमा सामाजिक जीवन, सार्वजनिक व्यवहार तथा राज्य सञ्चालनको आधारभूत मान्यताका रूपमा स्थापित रहँदै आएका छन्। समाजमा पारस्परिक विश्वास, मर्यादा, इमान्दारिता र उत्तरदायित्वका मूल्यहरू परम्परागत रूपमा स्वीकार्य रहेकाले शासन व्यवस्थामा पनि यिनै मूल्यहरूको संस्थागत रूपान्तरण गर्ने प्रयास विभिन्न कालखण्डमा हुँदै आएको देखिन्छ। संविधान, प्रचलित कानून, आवधिक योजना, सुशासनसम्बन्धी कानून, भ्रष्टाचार नियन्त्रणका रणनीति तथा प्रशासनिक सुधार कार्यक्रमहरू मार्फत राज्यले पारदर्शिता, उत्तरदायित्व, निष्पक्षता र निष्ठामा आधारित शासन प्रणाली विकास गर्ने प्रयत्न गरेको छ। सार्वजनिक पदाधिकारी तथा कर्मचारीका लागि आचरणसम्बन्धी कानूनी प्रावधानहरू, क्षेत्रगत आचारसंहिताहरू, शपथ प्रणाली तथा अनुशासनसम्बन्धी व्यवस्था यस दिशामा महत्वपूर्ण आधारका रूपमा स्थापित भएका छन्। न्यायपालिका, संवैधानिक निकाय, निजी क्षेत्र तथा गैरसरकारी संस्थाहरूले समेत आफ्ना कार्यक्षेत्रभित्र आचारसंहिता र व्यावसायिक मापदण्डहरू अवलम्बन गर्दै सदाचार प्रवर्धनमा योगदान पुर्‍याउँदै आएका छन्।

यद्यपि, उल्लिखित संरचनागत तथा नीतिगत प्रयासहरूको बाबजुद सार्वजनिक व्यवहारमा सदाचारको अपेक्षित स्तर कायम हुन सकेको छैन। कानून तथा नीतिको प्रभावकारी कार्यान्वयनमा देखिएका कमजोरी, संस्थागत समन्वयको अभाव, पद्धतिगत शासन प्रणालीको कमजोर कार्यान्वयन तथा व्यक्तिगत वा समूहगत स्वार्थ हाबी हुने प्रवृत्तिका कारण सार्वजनिक क्षेत्रको कार्यसम्पादनमा चुनौती सिर्जना भएको छ। सार्वजनिक स्रोतसाधनको सदुपयोगमा कमी, स्वार्थ बाझिने अवस्थाको प्रभावकारी व्यवस्थापनको अभाव, निर्णय प्रक्रियामा पारदर्शिताको कमी तथा उत्तरदायित्व वहन गर्ने संस्कृतिको अपर्याप्तताले शासकीय प्रणालीलाई कमजोर बनाएको पाइन्छ।

यसका अतिरिक्त, सेवा प्रवाहमा ढिलासुस्ती, गुणस्तरमा असमानता, पहुँचमा विभेद तथा नतिजामुखी कार्यसम्पादनको अभावजस्ता समस्या विद्यमान छन्। नियमन, अनुसन्धान तथा अनुगमन गर्ने निकायहरूको संस्थागत व्यावसायिकता, स्वतन्त्रता र प्रभावकारितासम्बन्धी प्रश्नहरू उठिरहेका छन्। अनुसन्धान गर्ने निकायहरूले अपेक्षित रुपमा स्वच्छ र स्वायत्त रुपमा काम गर्न नसकेका, सेवा प्रवाह गर्ने निकायहरूको सेवा गुणस्तरीय नभएको तथा नीति निर्माण प्रक्रियामा नागरिकको

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

गोविन्द बहादुर कार्की
सचिव

सहभागिता कमजोर रहेको अवस्था विद्यमान छ। यी अवस्थाले शासकीय प्रणालीप्रति नागरिकको विश्वासमा ह्रास ल्याएको छ र समग्र सुशासनको आधार कमजोर बनाएको छ।

नेपालमा भ्रष्टाचार, अनियमितता, नैतिक विचलन तथा संस्थागत अपारदर्शिताप्रति बढ्दो जनचासो र असन्तुष्टिले स्वाभाविक रूपमा सदाचार प्रवर्धन राष्ट्रिय प्राथमिकताको विषय बनेको छ। सदाचार अब केवल व्यक्तिगत नैतिकता वा सरकारी दायित्वमा सीमित नभई सार्वजनिक, निजी, गैरसरकारी लगायत सबै क्षेत्रको साझा उत्तरदायित्वका रूपमा विकसित हुँदै गएको छ। शासकीय क्रियाकलापमा निजी क्षेत्र, नागरिक समाज तथा अन्य सरोकारवालाहरूको बढ्दो भूमिका र प्रभावलाई मध्यनजर गर्दा साझा नैतिक मापदण्ड, पारदर्शी कार्यप्रणाली र उत्तरदायी व्यवहारको संस्थागत सुनिश्चितता अपरिहार्य भएको छ। व्यावसायिक निष्ठा, इमान्दारिता, तटस्थता, सेवाभाव, स्वार्थरहितता र उत्तरदायित्वजस्ता मूल्यलाई व्यवहारमा रूपान्तरण नगरी सुशासनको उच्च स्तर हासिल गर्न नसकिने अवस्था स्पष्ट भएको छ।

विश्वका विभिन्न मुलुकहरूले सदाचार प्रवर्धनका लागि कानूनी सुदृढीकरण, संस्थागत क्षमता अभिवृद्धि, स्वच्छ प्रतिस्पर्धाको प्रवर्धन, सेवा प्रदायकलाई प्रोत्साहन, तथा राजनीतिक एवम् प्रशासनिक नेतृत्वको दृढ प्रतिबद्धतामा आधारित विभिन्न दृष्टिकोणहरू अवलम्बन गरेका छन्। यी अभ्यासहरूले सदाचार प्रवर्धनका लागि एकल उपाय पर्याप्त नहुने हुँदा कानूनी, संस्थागत, व्यवहारगत र सांस्कृतिक पक्षलाई समेट्ने एकीकृत र बहुआयामिक दृष्टिकोण आवश्यक हुन्छ भन्ने देखाएको छ।

यस सन्दर्भमा नेपालमा पनि विगतका प्रयासहरूलाई एकीकृत गर्दै, विद्यमान कमीकमजोरीहरूलाई सम्बोधन गर्दै र वर्तमान तथा भावी चुनौतीहरूलाई ध्यानमा राख्दै स्पष्ट, कार्यान्वयनयोग्य र परिणाममुखी राष्ट्रिय सदाचार नीति आवश्यक भएको छ। सार्वजनिक, निजी तथा गैरसरकारी क्षेत्रबीच समन्वय, सहकार्य र साझा प्रतिबद्धतामा आधारित, स्पष्ट मापदण्ड, प्रभावकारी अनुगमन तथा जवाफदेहितासहितको संस्थागत संरचना निर्माण गरी सदाचारयुक्त संस्कृतिको विकास गर्न अपरिहार्य भएको सन्दर्भमा यस नीतिको तर्जुमा गरिएको हो।

## १.२ समस्या तथा चुनौती र नीतिको आवश्यकता

### (क) समस्या

नेपालमा सदाचारिता प्रवर्धनका लागि विभिन्न संवैधानिक, कानूनी तथा नीतिगत व्यवस्थाहरू विद्यमान भए तापनि तिनको प्रभावकारी कार्यान्वयनमा संरचनात्मक तथा व्यवहारगत कमजोरीहरू देखिएका



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

गोविन्द बहादुर कार्की
सचिव

छन्। कानून, नीति र मापदण्डहरू छरिएका तथा आंशिक रूपमा दोहोरिने प्रकृतिका हुँदा समग्र सदाचार प्रणाली एकीकृत र सुसङ्गत रूपमा सञ्चालन हुन सकेको छैन। कार्यान्वयन तहमा प्रचलित कानूनको समान र निष्पक्ष प्रयोगभन्दा स्वविवेकीय, स्वार्थ र दवावका आधारमा निर्णय गर्ने प्रवृत्तिले पद्धतिमा आधारित शासनलाई कमजोर बनाएको छ। संस्थागत संरचनाभित्र नियमन, अनुसन्धान र अनुगमन गर्ने निकायहरूको क्षमता, स्रोत र पेशागत दक्षता अपेक्षित स्तरमा विकास हुन नसक्दा आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बन्न सकेको छैन।

यसका साथै, सार्वजनिक निकायहरूबिच समन्वयको अभाव, कार्यक्षेत्रको अस्पष्टता र दोहोरोपनले निर्णय प्रक्रियामा जटिलता तथा ढिलासुस्ती निम्त्याएको छ। जवाफदेहिता वहन गर्ने संस्कृतिको कमजोर अवस्था र दण्डहीनता वढ्नुले अनियमितता नियन्त्रणमा चुनौती थपेको छ। पारदर्शिताको अभाव, सूचना प्रवाहमा अवरोध तथा डिजिटल प्रणालीहरूको सीमित प्रयोगका कारण नागरिकले शासन प्रक्रियामा प्रभावकारी निगरानी गर्न सक्ने अवस्था कमजोर बनेको छ। सार्वजनिक सेवा प्रवाहमा ढिलासुस्ती, प्रक्रियागत जटिलता, गुणस्तरमा असमानता र पहुँचमा विभेदले नागरिक असन्तुष्टि बढाएको छ र कतिपय अवस्थामा अनौपचारिक तथा अनैतिक अभ्यासलाई प्रोत्साहन गरेको छ।

नैतिकता, इमान्दारिता र व्यावसायिक निष्ठाजस्ता मूल्यहरू संस्थागत रूपमा सुदृढ हुन नसक्दा सदाचार संस्कृतिको विकास अपेक्षित रूपमा हुन सकेको छैन। स्वार्थ बाझिने अवस्था विद्यमान रहनु, व्यक्तिगत वा समूहगत स्वार्थले निर्णय प्रक्रियामा प्रभाव पार्नु तथा अनुसन्धान र नियमन प्रणालीको सीमित प्रभावकारिताले भ्रष्टाचार र अनियमितताको जोखिम बढाएको छ। नागरिक सहभागिता, सामाजिक निगरानी तथा सार्वजनिक दबाब अपेक्षित रूपमा विकास हुन नसक्दा सदाचार प्रवर्धनमा समाजको समग्र योगदान सीमित रहँदै आएको छ। समग्र रूपमा हेर्दा, विगतका प्रयासहरू खण्डीकृत, असमन्वित र प्रायः प्रतिक्रियात्मक वा तदर्थवादी प्रकृतिका रहनुले सदाचार प्रणालीको प्रभावकारिता सीमित भएको देखिन्छ।

**(ख) चुनौती**

नेपालमा सदाचार प्रवर्धनका लागि बहुआयामिक र प्रणालीगत चुनौतीहरू छन्। पहिलो, छरिएका कानून, नीति र संस्थागत व्यवस्थाहरूलाई एकीकृत गरी स्पष्ट लक्ष्य, मापदण्ड, कार्यान्वयन संरचना र अनुगमन संयन्त्रसहितको समग्र सदाचार प्रणाली विकास प्रमुख चुनौतीको रूपमा रहेको छ। नीति र कार्यान्वयनबिच रहेको अन्तरलाई घटाउँदै नियमहरूको समान, निष्पक्ष र कडाइका साथ कार्यान्वयन सुनिश्चित गर्नु अपरिहार्य देखिन्छ। यसका लागि नियमन, अनुसन्धान र अनुगमन



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌...
सिंहदरबार, का...

गोविन्द बहादुर कार्की
सचिव

निकायहरूको पेशागत क्षमता, स्रोतसाधन, स्वायत्तता र प्रविधिमैत्री कार्यशैली सुदृढ गर्नुपर्ने आवश्यकता रहेको छ।

त्यसैगरी, सार्वजनिक प्रशासनभित्र पद्धतिमा आधारित निर्णय प्रणाली सुदृढ गर्दै निकायहरूबिच स्पष्ट भूमिका विभाजन, प्रभावकारी समन्वय र साझा उत्तरदायित्व विकास गर्नु अर्को महत्वपूर्ण चुनौती हो। पारदर्शिता अभिवृद्धि, खुला शासन प्रणाली प्रवर्धन तथा डिजिटल प्रविधिको व्यापक प्रयोगमार्फत सूचना प्रवाहलाई सहज, छरितो र विश्वसनीय बनाउनु आवश्यक छ। जवाफदेहिता सुनिश्चित गर्न स्पष्ट उत्तरदायित्व खाका स्थापना गरी दण्ड तथा प्रोत्साहन प्रणालीलाई प्रभावकारी बनाउनु तथा नतिजामुखी अनुगमन र मूल्याङ्कन प्रणाली विकास गर्नु पनि उत्तिकै महत्वपूर्ण छ।

सार्वजनिक सेवा प्रवाहलाई नागरिकमैत्री, छरितो, पारदर्शी र समावेशी बनाउँदै गलत अभ्यासलाई निरुत्साहित गर्ने संरचना निर्माण गर्नु अर्को चुनौती हो। यससँगै, नैतिकता र सदाचारलाई संस्थागत संस्कृतिको रूपमा विकास गर्न आचारसंहिता कार्यान्वयन, नैतिक नेतृत्व प्रवर्धन र व्यवहार परिवर्तनका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ। स्वार्थ बाझिने अवस्थाको प्रभावकारी व्यवस्थापन, उदीयमान प्रविधिसँग सम्बन्धित भ्रष्टाचारका नयाँ स्वरूपहरूको नियन्त्रण तथा अनुसन्धान प्रणालीलाई आधुनिक प्रविधिसँग अनुकूल बनाउनु पनि आवश्यक छ।

सदाचार प्रवर्धनलाई सरकारी प्रयासमा मात्र सीमित नराखी निजी क्षेत्र, नागरिक समाज, गैरसरकारी क्षेत्र, सञ्चार माध्यम र आम नागरिकको सक्रिय सहभागितामा आधारित साझा पहलका रूपमा रूपान्तरण गर्नु दीर्घकालीन चुनौतीका रूपमा रहेको छ। यसका लागि सामाजिक उत्तरदायित्व, नागरिक सचेतना र सार्वजनिक निगरानी संयन्त्रलाई सुदृढ गर्दै समग्र समाजमा सदाचारलाई जीवन मूल्यको रूपमा विकास गर्नु अपरिहार्य देखिन्छ।

**(ग) नीतिको आवश्यकता**

नेपालमा सदाचारिता प्रवर्धनका लागि संवैधानिक, कानूनी, नीतिगत तथा संस्थागत व्यवस्थाहरू विद्यमान भए तापनि तिनको प्रभावकारी कार्यान्वयन, समन्वय र एकीकृत दिशानिर्देशनको अभावले समग्र प्रणाली अपेक्षित रूपमा परिणाममुखी हुन सकेको छैन। हालसम्मका प्रयासहरू विभिन्न क्षेत्र र निकायहरूमा छरिएर रहेका छन्, जसका कारण सदाचार प्रवर्धनका उद्देश्य, मापदण्ड र कार्यान्वयन प्रक्रियामा एकरूपता कायम हुन सकेको छैन। यस्तो अवस्थामा समग्र शासन प्रणालीलाई मार्गदर्शन गर्ने, स्पष्ट दृष्टिकोण, लक्ष्य, प्राथमिकता र कार्यान्वयन ढाँचासहितको एकीकृत सदाचार नीति अपरिहार्य भएको छ।

गोविन्द बहादुर कार्की
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

सार्वजनिक प्रशासनमा देखिएका पद्धतिगत कमजोरी, सुधारका क्रियाकलापहरूको चयनात्मक कार्यान्वयन, सीमित पारदर्शिता, कमजोर जवाफदेहिता र संस्थागत अनुशासनको अभावले नागरिकमा राज्यप्रतिको विश्वास घटाउने अवस्था सिर्जना गरेको छ। सार्वजनिक सेवा प्रवाहमा ढिलासुस्ती, जटिलता र असमान पहुँचका कारण नागरिक असन्तुष्टि बढ्दै गएको छ। यस्तो अवस्थालाई सुधार गरी सेवा प्रवाहलाई नागरिकमैत्री, पारदर्शी, उत्तरदायी र नतिजामुखी बनाउन स्पष्ट नीति आवश्यक देखिन्छ।

त्यसैगरी, स्वार्थ बाझिने अवस्था व्यवस्थापन, आचारसंहिता कार्यान्वयन, नैतिक नेतृत्व प्रवर्धन तथा व्यावसायिक निष्ठा सुदृढीकरण जस्ता पक्षहरू हाल संस्थागत हुन सकेका छैनन्। सदाचारलाई केवल कानूनी अनुपालनको विषय नभई व्यवहार, संस्कार र संस्थागत संस्कृतिसँग जोडिएको व्यापक अवधारणाका रूपमा स्थापित गर्न नीतिगत स्तरमै स्पष्ट रूपमा मार्गदर्शन आवश्यक छ। यसले सार्वजनिक पदाधिकारी, निजी क्षेत्र, गैरसरकारी क्षेत्र र नागरिक समाज सबैमा साझा नैतिक मान्यता र आचरणको आधार निर्माण गर्न सहयोग पुऱ्याउनेछ।

प्रविधिको विस्तारसँगै सार्वजनिक प्रशासनमा नयाँ अवसरहरू सिर्जना भएका छन् भने भ्रष्टाचार तथा अनियमितताका स्वरूपहरू पनि जटिल बन्दै गएका छन्। डिजिटल शासन, डेटा व्यवस्थापन, सेवा स्वचालन (Service Automation) र अनलाइन कारोबारका क्षेत्रमा पारदर्शिता, सुरक्षा र जवाफदेहिता सुनिश्चित गर्न समसामयिक नीतिगत मार्गदर्शन आवश्यक छ। यस सन्दर्भमा आधुनिक प्रविधिमैत्री, जोखिममा आधारित र परिणाममुखी सदाचार प्रणाली विकास गर्न एकीकृत नीति अपरिहार्य देखिन्छ।

सदाचार प्रवर्धनलाई सङ्घीय प्रणाली अनुरुप सङ्घ, प्रदेश र स्थानीय तह गरी राज्यका तीनवटै तहले उत्तिकै महत्व दिई कार्यान्वयनमा लैजानु पर्ने आजको टड्कारो आवश्यकता पनि हो। साथै, नेपाल सरकारबाट जारी हुने यससम्बन्धी राष्ट्रिय नीति प्रदेश र स्थानीय तहको लागि मार्गदर्शक नीति हुने हुँदा नेपाल सरकारले राष्ट्रिय सदाचार नीति स्वीकृत गरी लागु गर्न अत्यावश्यक भएको अवस्था छ।

साथै, सदाचार प्रवर्धन सरकारी निकायको मात्र दायित्व नभई निजी क्षेत्र, नागरिक समाज, सञ्चार माध्यम र आम नागरिकको संयुक्त प्रयासबाट मात्र सम्भव हुने बहुआयामिक विषय हो। हालसम्म यी पक्षहरूबीचको सहकार्य, समन्वय र साझा उत्तरदायित्व विकास हुन सकेको छैन। त्यसैले बहु-क्षेत्रीय साझेदारी, सामाजिक उत्तरदायित्व र नागरिक सहभागितालाई सुदृढ गर्ने स्पष्ट नीतिगत आधार आवश्यक छ।

गोविन्द बहादुर कार्की
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
सिंहदरबार, काठमाडौं

यस सन्दर्भमा, दिगो विकास, सुशासन र विधिको शासन सुदृढ गर्न सदाचारिता आधारभूत शर्तका रूपमा रहेको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू (जस्तै सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रणसम्बन्धी मान्यताहरू) प्रभावकारी रूपमा कार्यान्वयन गर्न पनि एकीकृत, कार्यान्वयनमुखी र अनुगमनयोग्य सदाचार नीति आवश्यक भएको छ। यसले सार्वजनिक संस्थाहरूमा विश्वास अभिवृद्धि, सेवा प्रवाहमा गुणस्तर सुधार र समग्र शासन प्रणालीको विश्वसनीयता सुदृढ गर्न महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार

गोविन्द बहादुर कार्की
सचिव

## परिच्छेद २: नीति संरचना

### २.१ दूरदृष्टि

सदाचारयुक्त समाज मार्फत् सुशासन र समृद्धि।

### २.२ ध्येय

इमान्दार एवम् सकारात्मक सोचका नागरिक, सदाचारयुक्त समाज।

### २.३ लक्ष्य

(१) सदाचारयुक्त पद्धतिलाई संस्थागत गर्दै सभ्य समाज निर्माण गर्ने,

(२) सदाचारितालाई जीवन पद्धतिको अभिन्न अङ्ग बनाउने।

### २.४ उद्देश्य

(१) समाजका सबै क्षेत्रमा इमान्दारिता र सदाचारिता कायम गर्दै निष्ठा एवम् सुशासन प्रवर्धन गर्नु,

(२) सदाचारयुक्त पद्धतिलाई अवलम्बन गर्दै सुसंस्कृत समाज निर्माण गर्नु,

(३) सदाचार सम्बन्धी अध्ययन, अनुसन्धान र नियमन गर्ने संस्थागत व्यवस्था गर्नु,

(४) सदाचारका नियमहरूको कार्यान्वयन, अनुगमन र स्वनियमन पद्धतिको व्यवस्था गर्नु।

### २.५ मूलभूत मान्यताहरू

राष्ट्रिय सदाचार पद्धतिका मूलभूत मूल्य, प्रतिवद्धता एवम् मान्यताहरू देहायबमोजिम हुनेछन्:-

(१) स्वतन्त्रता: हामी स्वतन्त्र तवरले अभ्यास गर्छौं।

(२) सक्रियता: हामी सदाचारिता र सुशासन प्रवर्धनका लागि पूर्वनिर्धारित र अनुसन्धानात्मक उपायको अवलम्बन गर्छौं।

(३) व्यावसायिकता: हामी उत्कृष्ट अभ्यासको अनुसरण गर्दै उच्च व्यावसायिकताका साथ निरोधात्मक र प्रवर्द्धनात्मक कार्य गर्छौं।

(४) रचनात्मकता र उत्कृष्टता: हामी कार्यसम्पादनमा उत्कृष्टता हासिल गर्ने गरी मानव पूँजीको अधिकतम प्रयोग गर्छौं।

(५) मानव मर्यादा: हामी सुसंस्कृत समाजका लागि मानव मर्यादालाई आफ्नो आदर्श मान्दछौं।

(६) नागरिक सहभागिता: हामी राज्यको नीति निर्माण एवम् स्रोतको उपयोगमा नागरिकको सहभागिता र पारदर्शिता सुनिश्चित गर्दछौं।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्
सिंहदरवार, का

गोविन्द बहादुर कार्की
सचिव

(७) राष्ट्रभक्तिः हामी मुलुकको हित, सार्वभौमसत्ता, राष्ट्रिय एकता र अखण्डताको रक्षार्थ प्रतिबद्ध भई काम गर्दछौं।

(८) निष्ठाः निष्पक्षता, स्वच्छता, इमान्दारिता, उत्तरदायित्व, जवाफदेहिता एवम् सक्षमता अनुसार जिम्मेवारी वहन गर्दछौं।

(९) सकारात्मकताः आफ्नो कार्यक्षेत्र र सामाजिक जीवनमा सकरात्मक भावनाका साथ कर्तव्य पालना गर्नेछौं।

## २.६ नीतिका मार्गदर्शक सिद्धान्त तथा आधारहरू

(१) संविधान, कानून र पेशागत मूल्य मान्यताको पालना।

(२) "सेवा नै धर्म हो" भन्ने मूल मन्त्रको अबलम्बन र कर्तव्यपरायणता।

(३) स्वजागरण, स्वनियमन, स्वमूल्याङ्कन तथा राष्ट्रिय हित र स्वार्थलाई सर्वोपरि महत्त्व।

(४) पारदर्शिता तथा जवाफदेहिताका साथ समयमा निर्णय र कार्यसम्पादन ।

(५) सार्वजनिक सेवामा पहुँच, गुणस्तरीयता र समन्यायिकता ।

(६) जीवन पद्धतिमा मानवीय मूल्यको आत्मसात।

## २.७ नीति

(१) सबै सार्वजनिक निकायको मूल्य र मान्यताहरु सदाचारयुक्त बनाईनेछ। (उद्देश्य नं.१ सँग सम्बन्धित)

(२) सदाचार सम्बन्धी अध्ययन, अनुसन्धान गरी प्राप्त सुझावलाई आधार लिई सदाचार प्रवर्धन गर्ने व्यवस्था गरिनेछ। (उद्देश्य नं.१ सँग सम्बन्धित)

(३) निर्णय प्रक्रियामा पारदर्शिता, जवाफदेहिता र सहभागिता सुनिश्चित गरिनेछ। (उद्देश्य नं.१ सँग सम्बन्धित)

(४) सदाचार शिक्षालाई सबै क्षेत्र र तहका शैक्षिक एवम् प्रशिक्षण कार्यक्रममा समावेश गरी मानवीय मूल्यको प्रवर्धन गरिनेछ। (उद्देश्य नं.२ सँग सम्बन्धित)

(५) विविधतायुक्त विशेषतालाई आत्मसात गरी धार्मिक, सामाजिक, साँस्कृतिक सहिष्णुता र सद्भावको संरक्षण र प्रवर्धन गरिनेछ। (उद्देश्य नं.२ सँग सम्बन्धित)

(६) सदाचार तथा सुशासन संस्थागत गर्न निकायगत जिम्मेवारी तोकिने छ । (उद्देश्य नं.३ सँग सम्बन्धित)

(७) नियमनकारी निकायलाई सबलीकरण गरी नागरिक चासो सम्बोधन प्रणाली पारदर्शी र प्रभावकारी बनाइनेछ। (उद्देश्य नं.३ सँग सम्बन्धित)



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

गोविन्द बहादुर कार्की
सचिव

(८) मूल्याङ्कन तथा सम्मान गर्दा सदाचारितालाई आधार मान्ने व्यवस्था गरिनेछ। (उद्देश्य नं.४ सँग सम्बन्धित)

(९) स्वजागरण, स्वनियमन, स्वमूल्याङ्कन र स्वपरीक्षणको माध्यमबाट कार्यसम्पादनलाई प्रभावकारी बनाइनेछ। (उद्देश्य नं.४ सँग सम्बन्धित)

## २.८ कार्यनीति

(१) सार्वजनिक सङ्गठनहरूको कार्यसंपादनलाई स्वच्छ, निस्पक्ष, पारदर्शी र जवाफदेही बनाउने गरी संगठनात्मक मूल्य घोषणा गर्ने। (नीति १. सँग सम्बन्धित)

(२) संस्थागत संरचनामा नैतिक आचरणका मापदण्ड समावेश गर्दै सबैका लागि स्पष्ट सदाचार संहिता तयार गर्ने। (नीति १. सँग सम्बन्धित)

(३) राज्यका सबै क्षेत्रमा लागू हुने गरी सदाचार ऐन निर्माण गर्ने। (नीति १. सँग सम्बन्धित)

(४) तालिम र कार्यशालाको आयोजना गरी आचारसंहिता पालनामा सचेत र प्रतिबद्ध बनाउने। (नीति १. सँग सम्बन्धित)

(५) सञ्चार माध्यममार्फत समाजमा सदाचारप्रति सचेतना अभिवृद्धि अभियान सञ्चालन गर्ने। (नीति १. सँग सम्बन्धित)

(६) सबै उमेर समूहलाई लक्षित गरी सदाचार प्रवर्धन कार्यक्रम सञ्चालन गर्ने। (नीति १. सँग सम्बन्धित)

(७) शैक्षिक तथा प्राज्ञिक संस्था र अनुसन्धान केन्द्रसँग सहकार्य गरी नैतिकता र सदाचारका विषयमा अध्ययन र अनुसन्धानको प्रवर्धन गर्ने। (नीति २. सँग सम्बन्धित)

(८) सार्वजनिक, निजी र गैरसरकारी क्षेत्रका लागि आवश्यकतानुसार राष्ट्रिय सतर्कता केन्द्रबाट परामर्श सेवा उपलब्ध गराउँदै संस्थागत सुधारमा सहयोग पुऱ्याउने। (नीति २. सँग सम्बन्धित)

(९) सदाचार सम्बन्धी भएका अध्ययन अनुसन्धानलाई अभिलेखीकरण गरी यसका निस्कर्षलाई नीति, कानुन र कार्यक्रम तर्जुमा गर्दा ध्यान दिने। (नीति २. सँग सम्बन्धित)

(१०) अनुसन्धानको प्रतिवेदन सार्वजनिक गरी जनस्तरमा बहस र संवादको माध्यम बनाउने। (नीति २. सँग सम्बन्धित)

(११) निर्णय प्रक्रियामा सरोकारवालाको सहभागिता सुनिश्चित गर्दै सूचना प्रवाहलाई पारदर्शी बनाउने। (नीति ३. सँग सम्बन्धित)

(१२) निर्णयको प्रभाव मूल्याङ्कन गर्दै जवाफदेहिता अभिवृद्धि गर्ने। (नीति ३. सँग सम्बन्धित)

(१३) समयमा नै निर्णय लिने र कार्यसम्पादनलाई सुनिश्चित गर्ने। (नीति ३. सँग सम्बन्धित)



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

गोविन्द बहादुर कार्की
सचिव

(१४) सदाचार शिक्षाका विषयलाई विद्यालय र विश्वविद्यालयका साथै अनौपचारिक शिक्षाको पाठ्यक्रममा समावेश गर्ने। (नीति ४. सँग सम्बन्धित)

(१५) शिक्षक/प्रशिक्षकका लागि सदाचार तालिम कार्यक्रम प्रदान गरी नैतिक शिक्षा र सदाचारलाई नियमित रूपमा शिक्षण गराउने। (नीति ४. सँग सम्बन्धित)

(१६) सबै क्षेत्र र तहमा प्रशिक्षण कार्यक्रम संचालन गर्दा सदाचार शिक्षालाई समावेश गर्ने। (नीति ४. सँग सम्बन्धित)

(१७) लोकसेवा आयोग लगायत भर्ना छनौट निकायको पाठ्यक्रममा नैतिकता एवम् सदाचारिताका विषयलाई समावेश गर्ने। (नीति ४. सँग सम्बन्धित)

(१८) धार्मिक, सामाजिक र साँस्कृतिक विविधताको पहिचान गर्दै सहिष्णुता र सद्भावको संरक्षण र प्रवर्धन गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने। (नीति ५. सँग सम्बन्धित)

(१९) विभिन्न समुदायबीच विविधताको संरक्षण र एकताको प्रवर्धन गर्न अन्तर संवाद र सहकार्यको वातावरण सिर्जना गर्ने। (नीति ५. सँग सम्बन्धित)

(२०) सदाचार र सुशासनका विषयमा अध्ययन, अनुसन्धान र तालिमका लागि विद्यमान तालिम प्रदायक संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने (नीति ६. सँग सम्बन्धित)

(२१) सुशासन प्रवर्धन केन्द्रमार्फत सार्वजनिक र निजी क्षेत्रका लागि आवश्यक नीति सिफारिस र परामर्श सेवा प्रदान गर्ने। (नीति ६. सँग सम्बन्धित)

(२२) प्रत्येक सार्वजनिक निकायमा सदाचार परिपालना संयन्त्र (Integrity Compliance Mechanism) गठन गरी जोखिममा आधारित सुपरीवेक्षण गर्ने। (नीति ६. सँग सम्बन्धित)

(२३) नियमनकारी निकायहरूको क्षमता अभिवृद्धि गर्दै नागरिकहरूका गुनासो सम्बोधनलाई पारदर्शि र विश्वसनीय बनाउने। (नीति ७. सँग सम्बन्धित)

(२४) प्रविधिको उपयोग गर्दै नागरिक चासो सम्बोधन अनलाइन प्रणालीबाटै सुनुवाई गर्ने व्यवस्था मिलाउने। (नीति ७. सँग सम्बन्धित)

(२५) सामुदायिक स्तरमा सदाचार सम्बन्धी संस्था गठन गरी सदाचारिता प्रवर्धन गर्ने संस्थासँग सहकार्य गर्ने। (नीति ८. सँग सम्बन्धित)

(२६) सदाचारमा उत्कृष्टता प्रदर्शन गर्ने व्यक्ति र संस्थालाई सार्वजनिक रूपमा सम्मान/ पुरस्कार प्रदान गर्ने। (नीति ८. सँग सम्बन्धित)

(२७) राष्ट्रबाट गरिने सम्मान, प्रदान गरिने विभूषण तथा पदक निर्धारण गर्दा व्यक्तिको सदाचारिता र सार्वजनिक निष्ठालाई आधार बनाउने। (नीति ८. सँग सम्बन्धित)

गोविन्द बहादुर कार्की
सचिव

(२८) सार्वजनिक जिम्मेवारीमा रहेका व्यक्तिहरू आफूले सम्पादन गर्ने काम र यससँग सम्बन्धित विषयमा स्वयम् सुसूचित हुने। (नीति ९. सँग सम्बन्धित)

(२९) स्वजागरण, स्वनियमन, स्वपरीक्षण र स्वमूल्याङ्कनबाट संस्थागत सुशासन प्रवर्धन गर्ने। (नीति ९. सँग सम्बन्धित)

(३०) नियमनकारी निकायको सुझावको आधारमा आन्तरिक नियन्त्रण र स्वनियमनलाई प्रभावकारी बनाउने। (नीति ९. सँग सम्बन्धित)

(३१) स्वपरीक्षण प्रणालीको माध्यमबाट कार्य सम्पादनको पारदर्शिता र प्रभावकारिता सुनिश्चित गर्ने। (नीति ९. सँग सम्बन्धित)

(३२) स्वमूल्याङ्कनका मापदण्डहरू विकास गर्दै संस्थागत सुधारका लागि आधार तयार गर्ने र सोको आधारमा सुधारात्मक कदमहरू अपनाउने। (नीति ९. सँग सम्बन्धित)

(३३) सार्वजनिक निकायले सम्पादन गर्ने कार्यका सम्बन्धमा निकाय प्रमुखको जिम्मेवारीमा सेवाग्राहीसँग आवधिक अन्तरक्रिया गर्ने । (नीति ९. सँग सम्बन्धित)

(३४) परिवार, समाज र कार्यस्थलमा इमान्दारिता, सद्भाव, करुणा, विश्वास, मनको सुन्दरता, निष्पक्षता, बौद्धिकता, सहयोगीपन, सकारात्मकता जस्ता मानवीय मूल्यको प्रवर्धन हुने क्रियाकलापलाई प्रोत्साहन गर्ने। (नीति ९. सँग सम्बन्धित)

## २.९ नीति कार्यान्वयनमा सरोकारवालाको भूमिका

### २.९.१ नागरिक

(१) नागरिक अधिकारको प्रयोग गर्दा कानूनको सम्मान, सामाजिक जीवनमा सहभागिता र साझा हितको प्रवर्धन जस्ता कर्तव्य पालना गर्ने ।

(२) सार्वजनिक मामिलामा सक्रिय सहभागिता र लोकतान्त्रिक मूल्यमान्यताको रक्षा गर्ने।

(३) संविधान र प्रचलित ऐन कानूनको पालना गर्ने।

(४) मतदान, स्वयंसेवा, अन्य सामुदायिक गतिविधिमा संलग्नता जस्ता नागरिक कर्तव्यको पालना गर्ने।

(५) आफ्नो कार्यबाट अरूमा पर्ने नैतिक प्रभाव पहिचान गरी सतर्कतापूर्वक व्यवहार गर्ने।

(६) समाजमा निष्पक्षता, न्याय र समानताको लागि प्रयासरत रहने।

(७) परिवार, समाज र राष्ट्रप्रतिको कर्तव्य पालनमा सधैं दृढ रहने।

गोविन्द बहादुर कार्की
सचिव



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्
सिंहदरबार, काठ

(८) समृद्धिका लागि प्रयत्नशील रहँदै सभ्यता र संस्कृतिको रक्षा गर्ने।

(९) राष्ट्रको गरिमा वृद्धिका लागि खेलकूद, साहित्य, कला, सङ्गीत, प्रवचन, उद्यमशीलता, वैज्ञानिक खोज, आविष्कार जस्ता कार्यमा संलग्न रही प्रतिस्पर्धी क्षमताको विकास गर्ने।

(१०) आत्मिक उन्नयन, स्वजागरण, स्वनियमन, स्वमूल्याङ्कनबाट विवेकशील, सचेत, जागरुक, सिर्जनशील, परिश्रमी र प्रगतिउन्मुख नागरिकको रूपमा आफूलाई विकास गर्ने।

### २.९.२ विधायिकाका पदाधिकारी/सदस्य एवम् सार्वजनिक जिम्मेवारी पाएका व्यक्ति

(१) आफ्नो जिम्मेवारी प्रारम्भ गर्दा लिएको सपथको पालना गर्ने।

(२) जनप्रतिनिधिले जनता र राष्ट्रको सर्वोपरी हितलाई ध्यान दिई निस्पक्ष, पारदर्शि, जवाफदेही ढङ्गबाट भावनात्मक बौद्धिकताको प्रयोग गरी निर्णय गर्ने।

(३) विधायकहरूले आफ्नो स्वार्थ बाझिने संसदीय समिति र समितिका बैठकमा सहभागी नहुने।

(४) सार्वजनिक सम्पत्ति एवम् साधन स्रोतहरूको सही र इमान्दारीपूर्वक अधिकतम उपयोग गर्ने। साथै पदीय अधिकारको उपयोग व्यक्तिगत स्वार्थका लागि नगर्ने।

(५) पदीय र व्यक्तिगत रूपमा सदाचारयुक्त व्यवहारबाट जनविश्वास सुदृढ गर्ने।

(६) निजी हित वा स्वार्थ बाझिएको कुराको अग्रिम र लिखित खुलासा गर्ने र त्यस्तो विषयबाट अलग रहने।

(७) इमान्दारिता, तटस्थता, असल चालचलन, उच्च नैतिकता, सत्यनिष्ठा, सेवा भाव, व्यावसायिकता एवम् वृहत्तर हितलाई प्राथमिकता जस्ता व्यवहार प्रदर्शन गर्ने।

(८) आफूभन्दा माथिको पदाधिकारीसँग आदरपूर्वक र आफू मातहतकासँग शिष्ट व्यवहार गर्ने।

(९) सार्वजनिक तथा निजी जीवनमा नैतिक मूल्य र आचरणको प्रवर्धन गर्ने।

(१०) जिम्मेवार र जवाफदेही संस्थागत संस्कृति निर्माणमा टेवा पुऱ्याउने।

### २.९.३ राजनीतिक दल

(१) राजनीतिक दलले मतदाताको सम्मान, मर्यादित प्रचारप्रसार, फरक विचार र सिद्धान्त राख्ने दलहरूको सम्मान गर्नुका साथै पर्यवेक्षकहरूको काममा हस्तक्षेप नगर्ने।

(२) समर्थकहरूलाई हिंसात्मक वा आपराधिक व्यवहारमा संलग्न हुनबाट टाढा राख्ने।

गोविन्द बहादुर कार्की
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(३) कानूनी ढाँचा र निर्वाचनसम्बन्धी कानून एवम् आचार संहिताको पालना गर्ने तथा दलको कार्यालयका कर्मचारी र समर्थकबाट पनि कानूनको पालना गर्ने कुरा सुनिश्चित गर्ने।

(४) दलको कार्यसम्पादन एवम् आयव्ययको सार्वजनिकीकरण गर्दै पारदर्शिता र उच्च आचरणको मापदण्ड कार्यान्वयन गर्ने।

(५) सार्वजनिक संस्थाहरूमा प्रतिनिधित्व गर्ने दलका प्रतिनिधिहरूको कार्यसम्पादन र चुनावी वाचाहरू पूरा गर्ने सम्बन्धमा भए गरेका कार्यहरूको व्यवस्थित रूपमा अनुगमन र प्रतिवेदन गर्ने संयन्त्र तयार गर्ने।

(६) आचरण परिपालना गर्न दलभित्र नैतिक समिति जस्ता आन्तरिक संयन्त्रहरू स्थापना गर्ने र अनुशासनात्मक उपाय लागू गर्ने।

(७) लोकतान्त्रिक मूल्य र आन्तरिक पारदर्शिता सुनिश्चित गर्ने।

(८) आचारसंहिताको पालना गर्दै दलीय निर्णय पारदर्शी तथा विधिसम्मत ढङ्गले लिने।

(९) सार्वजनिक चासोमा आधारित नीति निर्माणलाई प्राथमिकता दिने।

(१०) आफूले गरेका निर्णय र कार्य पद्धतिमा पारदर्शिता अपनाउने।

(११) पद र गोप्य सूचनाको प्रयोग सार्वजनिक हितमा मात्र गर्ने।

(१२) सार्वजनिक पदमा नियुक्त भएमा अनिवार्य रूपमा सम्पत्ति विवरण सार्वजनिक गर्ने।

(१३) पदीय र व्यक्तिगत रूपमा सदाचारयुक्त व्यवहार गर्ने।

(१४) जिम्मेवार र जवाफदेही संस्थागत संस्कृति निर्माणमा टेवा पुऱ्याउने।

### २.९.४ गैरसरकारी सङ्घ संस्था

(१) सेवा प्रदायकको हैसियतमा समुदायप्रति पारदर्शी, जवाफदेही र निष्पक्ष रहने।

(२) प्राप्त स्रोत साधनको इमानदारीपूर्वक उपयोग गर्ने।

(३) राजनीतिक तटस्थता र सामाजिक समावेशिता कायम राख्ने।

(४) वित्तीय अनुशासनको पालना गर्दै लेखाङ्कन अभ्यासमा पारदर्शिता र वष्तुनिष्ठता कायम राख्ने।

(५) सामाजिक द्वेष, घृणा र द्वन्द्व बढाउने क्रियाकलापबाट टाढा रहने।

गोविन्द बहादुर कार्की
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(६) कानूनी रूपमा मान्य नेपाली संस्कृति एवम् परम्परा अनुरूप दिगो विकासका लागि आर्थिक वा अन्य सहयोग स्वीकार गर्ने ।

(७) सबै व्यक्तिहरूको अन्तर्निहित मर्यादा र समानतालाई ध्यानमा राख्दै मानव अधिकारको संरक्षण र सम्बर्धनका लागि प्रतिवद्ध रहने।

(८) संस्थाको उद्देश्य प्राप्तिमा सम्पादन गरिएका क्रियाकलापहरूको अभिलेख राख्ने।

### २.९.५ अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ संस्था

(१) नेपालको संविधान, कानून, नीतिको सम्मान गर्दै राष्ट्रिय हितमा काम गर्ने।

(२) नेपाल विरूद्ध अवाञ्छित लाञ्छना वा द्वेष वा घृणा फैलाउने क्रियाकलाप नगर्ने।

(३) नेपालको सभ्यता, संस्कृति, सामाजिक सम्बन्ध र सद्भाव कायम गर्ने गरी कार्य गर्ने।

(४) राजनीतिक तटस्थता र सामाजिक समावेशिता कायम राख्ने।

(५) मितव्ययी, पारदर्शी र उत्तरदायी रूपमा कार्यक्रम सञ्चालन गरी प्रचलित कानूनले तोकेका निकायमा प्रतिवेदन पेश गर्ने।

(६) आफ्ना कार्यजिम्मेवारीमा उच्चतम स्तरको इमानदारिता र सत्यनिष्ठा प्रदर्शन गर्ने।

(७) सबै व्यक्तिहरूको अन्तर्निहित मर्यादा र समानतालाई ध्यानमा राख्दै मानव अधिकारको संरक्षण र सम्बर्धनका लागि प्रतिवद्ध रहने।

(८) संस्थाको स्वार्थ भन्दा स्थानीय आवश्यकताका आधारमा सहायता परिचालन गर्ने।

### २.९.६ कूटनीतिक क्षेत्र

(१) नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधीनता, स्वाभिमान, नेपालीको हक हितको रक्षा, सिमानाको सुरक्षा, आर्थिक समुन्नति र समृद्धिजस्ता नेपालको राष्ट्रिय हितका आधारभूत विषयको अनुकूल हुने गरी नेपाल सरकारले जारी गरेको कूटनीतिक आचार संहिताअनुरूप आफ्नो विचार राख्ने तथा सोही अनुरूपको आचरण र व्यवहार गर्ने।

(२) विदेशी कूटनीतिज्ञ तथा सरकारी पदाधिकारीहरूसँग पत्राचार तथा भेटघाट गर्दा अनिवार्य रूपमा परराष्ट्र मन्त्रालयमार्फत गर्ने। पर्याप्त तयारी गरेर र परराष्ट्र मन्त्रालयको स्वीकृति लिएर मात्रै दुईपक्षीय तथा बहुपक्षीय सम्बन्धका संवेदनशील विषयहरूमा धारणा राख्ने।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

गोविन्द बहादुर कार्की
सचिव

नेपाल र छिमेकी मित्र राष्ट्रहरू तथा अन्य मुलुकबीच विद्यमान द्विपक्षीय सम्बन्ध तथा नेपालको बहुपक्षीय सम्बन्धमा प्रतिकूल असर पर्ने गरी कुनै धारणा राख्न वा कुनै गतिविधि गर्न वा त्यस्ता गतिविधिहरूमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न हुन वा सघाउन नहुने।

(३) विश्व शान्ति, असंलग्नता, अन्तर्राष्ट्रिय कानून र बहुपक्षीयताजस्ता नेपालको परराष्ट्र नीतिका आधारभूत मान्यताअनुरूप आफ्ना धारणा राख्ने तथा व्यवहार गर्ने। वार्ता, संवाद तथा शान्तिपूर्ण कूटनीतिक माध्यमवाट द्विपक्षीय तथा बहुपक्षीय समस्या समाधान गर्न जोड दिने नेपालको नीतिअनुरूप आचरण र व्यवहार गर्ने। विदेशी कूटनीतिज्ञ तथा पदाधिकारीहरूसँग औपचारिक वा अनौपचारिक कुराकानी गर्दा र विभिन्न द्विपक्षीय तथा बहुपक्षीय मंचहरूमा धारणा राख्दा नेपाल सरकारका नीति, योजना, घोषणा, निर्णय र कार्यक्रमअनुरूप मात्र राख्ने।

(४) नेपालका गोप्य तथा संवेदनशील सूचनाहरू विदेशीलाई प्रत्यक्ष तथा परोक्ष रूपमा उपलब्ध गराउन नहुने र वार्ता तथा सम्झौता भइरहँदा त्यसको परिणामलाई प्रभाव पार्ने गरी कुनै सूचना चुहाउन वा सार्वजनिक गर्न नहुने।

(५) आपसी सम्मान, समानता, हित र पारस्पारिकताजस्ता अन्तर्राष्ट्रिय प्रचलन र स्वीकार्य कूटनीतिक मूल्यमान्यता अनुसरण गर्दै मर्यादित ढङ्गबाट द्विपक्षीय तथा बहुपक्षीय वार्ता तथा छलफल गर्ने।

(६) आफ्नो पदको मर्यादा, जिम्मेवारी र कार्यक्षेत्र सुहाउँदो हुने गरी समकक्षीसँग औपचारिक भेटवार्ता गर्ने। यस्ता अवसरमा विषयगत निकाय तथा परराष्ट्र मन्त्रालयको सल्लाह/सुझाव लिई राष्ट्रिय हितअनुकूल हुने गरी छलफल गर्ने तथा धारणा राख्ने। साथै परराष्ट्र मन्त्रालय वा नेपाली नियोगका अधिकारीहरूलाई समेत भेटघाटमा सहभागी गराउने। विदेश भ्रमणमा रहँदा वा मित्र राष्ट्रले आमन्त्रण गरेका कार्यक्रमहरूमा सहभागी हुँदा नेपाल र नेपालीको छवि, प्रतिष्ठा र गौरव बढ्ने ढङ्गबाट विचार अभिव्यक्त गर्ने र सोहीअनुरूपको आचरण तथा व्यवहार गर्ने।

(७) औपचारिक विदेश भ्रमणलाई सकेसम्म छोटो, चुस्त तथा मितव्ययी बनाउने। विदेश भ्रमणमा रहँदा तथा विदेशीहरूले आयोजना गरेका कार्यक्रमहरूमा सहभागी हुँदा आमन्त्रण गर्ने राष्ट्र तथा अन्य मित्र राष्ट्रको सांस्कृतिक मान्यता र रीतिरिवाजको सम्मान गर्ने। मित्र राष्ट्रका नागरिकसँग उनीहरूको आस्था, विश्वास र आर्थिक, सामाजिक तथा धार्मिक पृष्ठभूमिसँग निरपेक्ष रही सम्मानपूर्ण कुराकानी र व्यवहार गर्ने।

गोविन्द बहादुर कार्की
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

### २.९.७ शैक्षिक/प्राज्ञिक क्षेत्र

(१) शैक्षिक संस्थामा संलग्न सबैले संस्था बाहिर र भित्र नैतिक सिद्धान्तहरूको पालना गर्ने र जिम्मेवारीपूर्वक व्यवहार गर्ने।

(२) शैक्षणिक कार्यमा इमान्दारिता, अरूप्रति सम्मान र सकारात्मक सिकाइ वातावरण कायम गर्न योगदान पुऱ्याउने।

(३) शिक्षक, सहपाठी र शैक्षिक समुदायका सबै सदस्यहरूसँग शिष्टाचारयुक्त एवम् सभ्य व्यवहार गर्ने र विविध दृष्टिकोण तथा विचारको कदर गर्ने।

(४) प्राज्ञिक गतिविधिहरूमा सक्रिय रूपमा भाग लिने।

(५) आर्थिक अवस्था, जात, धर्म, वर्ण, लिङ्ग, उमेर, संस्कृति, राजनीतिक आस्था, राष्ट्रियता लगायतका आधारमा भेदभाव नगर्ने।

(६) सहपाठीलाई ज्ञान, सीप र असल व्यवहार सिक्न सिकाउन सधैं तत्पर हुने।

(७) विद्यार्थी, शिक्षक, प्राध्यापक, अनुसन्धाताहरूले सबै शैक्षिक गतिविधिहरूमा इमान्दारिता, सत्यनिष्ठा, निष्पक्षता, सम्मान, जवाफदेहिता र प्रेरणादायी व्यवहार प्रदर्शन गर्ने।

(८) शोध अनुसन्धानमा बौद्धिक सम्पत्तिको सम्मान गर्दै साहित्यिक भावहरण (Plagiarism) बाट टाढा रहने।

(९) शैक्षिक संस्थालाई अध्ययन, अध्यापन, खोज तथा अनुसन्धान, इन्क्युवेसन केन्द्र तथा प्रयोगशाला संचालन जस्ता शैक्षिक कार्यमा मात्र उपयोग गर्ने।

(१०) नैतिकवान, सदाचारी, इमान्दार र अनुशासित नागरिक निर्माणमा प्रेरणादायी योगदान पुऱ्याउने।

(११) शिक्षाको समग्र पर्यावरणमा लैङ्गिक संवेदनशीलता अपनाउँदै व्यवहारमा तदनुरूप आचरण गर्ने।

### २.९.८ निजी क्षेत्र

(१) उपभोक्ता तथा सेवाग्राहीसँग विश्वास कायम राख्ने, सकारात्मक ख्याति वृद्धि गर्ने र व्यावसायिक दिगोपन सुनिश्चित गर्ने।

गोविन्द बहादुर कार्की
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरवार, काठमाडौं

(२) सबै व्यावसायिक कारोबारमा इमानदारी र सच्चाइका साथ काम गर्दै सेवाग्राही तथा सरोकारवालाहरूलाई समान व्यवहार गर्ने।

(३) तथ्य र प्रमाणको आधारमा निर्णय लिने तथा पूर्वाग्रह वा अनुचित प्रभावबाट मुक्त रहने।

(४) व्यवसायमा प्रभावकारिता, स्वच्छ प्रतिस्पर्धा र लगनशीलताका साथ कर्तव्य पूरा गर्न आवश्यक सीप र ज्ञानको प्रवर्धन गर्ने।

(५) प्रचलित कानून, नियम र नैतिक मापदण्डहरूको पालना गर्ने।

(६) व्यावसायिक निर्णयहरूले समाज र वातावरणमा पार्ने प्रभावप्रति संवेदनशील रहने।

(७) व्यवसाय सञ्चालनको बारेमा सरोकारवालाहरूलाई स्पष्ट र सही जानकारी प्रदान गर्ने।

(८) व्यापार तथा उद्योगमा पारदर्शिता, उपभोक्ता हितको रक्षा र सम्मान गर्ने।

(९) श्रमिक अधिकार, पारिश्रमिक र कार्यस्थलको सुरक्षामा प्रतिबद्ध रहने।

(१०) मिलेमतो, कालाबजारी जस्ता अनैतिक एवम् गैरव्यावसायिक अभ्यासबाट टाढा रहने।

(११) वस्तु तथा सेवाको न्यायोचित मूल्य निर्धारण गर्दै गुणस्तरहीन वस्तु तथा सेवा उत्पादन वा विक्री वा अस्वाभाविक नाफा लिने प्रवृत्ति अन्त्य गरी पारदर्शिता कायम राख्ने।

(१२) कर्पोरेट सामाजिक उत्तरदायित्वका लागि मुनाफाको निश्चित रकम छुट्याई उक्त रकम सरकारले तोकेका प्राथमिकताका क्षेत्रमा परिचालन गर्ने।

(१३) औद्योगिक/व्यावसायिक प्रतिष्ठानबाट निसृत फोहोरमैलाको उचित व्यवस्थापन गर्दै वातावरणीय स्वच्छता कायम राख्न उत्तरदायित्व वहन गर्ने।

**२.९.९ सञ्चार, सामाजिक सञ्जाल तथा सूचना प्रविधि क्षेत्र**

(१) पारदर्शितालाई प्रवर्धन गर्दै निष्पक्ष, सही र जिम्मेवारीपूर्वक सूचना प्रवाह गर्ने कार्यको सुनिश्चित गर्ने।

(२) सूचनाको हेराफेरि हुन नदिई तथ्यहरू सर्वसाधारणले बुझ्ने गरी प्रस्तुत गर्ने।

(३) सम्प्रेषित समाचार त्रुटिपूर्ण भएको जानकारी पाउनासाथ सच्याउने।

(४) पूर्वाग्रह बिना जानकारी प्रस्तुत गर्न, फरक दृष्टिकोणको आवाज समेट्न र पक्षपातबाट बच्न सदैव प्रयत्नशील रहने।

(५) व्यक्तिगत सूचना एवम् जानकारीको सम्मान गर्दै व्यक्तिको गोपनीयताको रक्षा गर्ने।



गोविन्द बहादुर का...

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्...
सिंहदरबार, काठमाडौं

(६) उत्पादित सामग्रीप्रति जवाफदेही रहँदै समाचारका स्रोत र सङ्कलन विधिहरूको विश्वसनीयता कायम राख्ने।

(७) स्वार्थवश कुनै पनि व्यक्ति वा समूहलाई अनावश्यक हानि, कष्ट वा अपमान हुने कार्यबाट अलग रहने ।

(८) सूचना सङ्कलन, समाचार उत्पादन, सम्प्रेषण र भण्डार एवम् सूचना प्रविधिको प्रयोग सम्बन्धी अभ्यास र नीतिहरूको बारेमा खुला रही आफ्ना कार्यहरूको लागि जवाफदेही हुने।

(९) सत्य, निष्पक्ष र स्रोतमा आधारित सूचना मात्र सम्प्रेषण गर्ने।

(१०) गोपनीयता, सम्मान र मर्यादा कायम राख्ने पत्रकारिताको अभ्यास गर्ने।

(११) गलत सूचना, घृणा वा अफवाहको रोकथाममा सक्रिय भूमिका निर्वाह गर्ने।

(१२) कुनै प्रसङ्गमा बोलिएका विषयमा सोको कुनै अंशलाई मात्र उल्लेख गरी फरक भाव दिने गरी भ्रमपूर्ण समाचार प्रकाशन, सम्प्रेषण र शेयर गर्न नहुने।

(१३) व्यक्तिगत र सार्वजनिक विषय छुट्याई कसैको व्यक्तिगत र सामाजिक सम्मानमा आँच आउने गरी समाचार प्रकाशन नगर्ने।

**२.९.१० वित्तीय क्षेत्र (बैंक, वित्तीय संस्था एवम् सहकारी)**

(१) सेवाग्राहीको आर्थिक सुरक्षामा प्रतिवद्ध रहँदै गोपनीयता कायम राख्ने।

(२) स्वार्थ वा हितको द्वन्द्व हुने कारोबारबाट बच्ने।

(३) सेवाको उचित मूल्य निर्धारण र पारदर्शिता कायम राख्ने।

(४) वित्तीय कारोवार र नियमन सम्बन्धी कानूनको परिपालन गर्ने।

(५) सम्पत्ति शुद्धीकरणका प्रयत्नहरूलाई रोक्ने पर्याप्त उपायहरू अवलम्बन गर्ने।

(६) वित्तीय साक्षरता र समावेशीकरणमा जोड दिने।

(७) वातावरणीय, सामाजिक र शासकीय मापदण्डहरूको पालना गर्ने।

(८) वित्तीय कारोबारमा पारदर्शिता, उत्तरदायित्व र नियमनको पालना गर्ने।

(९) आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने।

गोविन्द बहादुर कार्की
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

### २.९.११ धार्मिक तथा सामाजिक सङ्घ संस्था

(१) सबै धर्म, सम्प्रदाय र विश्वासप्रति सम्मान जनाउने सहिष्णु वातावरण सिर्जना गर्ने।

(२) अन्धविश्वास, भेदभाव तथा शोषणकारी अभ्यासबाट टाढा रहने।

(३) सामाजिक तथा साँस्कृतिक कार्यमा समावेशी, निष्पक्ष र मर्यादित आचरण प्रदर्शन गर्ने।

(४) परिवार र समाजका लागि नैतिक ढाँचा प्रदान गर्ने, नैतिक व्यवहारलाई बढावा दिने र व्यक्तिगत तथा सामुदायिक मूल्यमान्यताहरूको प्रवर्धन गर्ने।

(५) व्यक्तिगत आचरण, सामाजिक अन्तरक्रिया र संस्थागत मान्यतामा करुणा, क्षमा र सम्मान जस्ता मूल्यहरूलाई जोड दिने।

(६) समूहभित्र नैतिक आचरणलाई प्रवर्धन गर्दै साझा जिम्मेवारी र समुदायिक भावना जगाउने।

(७) स्वयंसेवा, समानुभूति र नैतिकता जस्ता सामाजिक व्यवहार प्रवर्धन गर्ने।

(८) व्यक्ति, संस्था र समाजमा नैतिक शिक्षाको प्रवर्धन गर्ने।

(९) समाजमा करूणा, क्षमाशीलता र आपसी सद्भाव अभिवृद्धि गर्ने किसिमका नैतिक निर्णय लिने क्षमताको विकास गर्ने।

### २.९.१२ विदेशी नागरिक

(१) नेपालको कानून, परम्परा तथा सामाजिक मूल्यको सम्मान गर्ने।

(२) राजनीतिक तथा संवेदनशील विषयमा हस्तक्षेप रहित व्यवहार प्रदर्शन गर्ने।

(३) मर्यादित, उत्तरदायी र शिष्ट व्यवहार प्रदर्शन गर्ने।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को
सिंहदरबार, का

गोविन्द बहादुर का
सचिव

## परिच्छेद ३: नीति कार्यान्वयन

### ३.१ संस्थागत व्यवस्था

(१) राष्ट्रिय सतर्कता केन्द्रले सबै निकायबाट राष्ट्रिय सदाचार नीति अनुरूपका प्रचलित कानून, मापदण्ड वा आचार संहिता कार्यान्वयन भए नभएको वारेमा नियमित रूपमा अनुगमन, निरीक्षण गरी सुझाव प्रदान गर्नेछ। साथै सदाचार नीतिको कार्यान्वयनका सम्बन्धमा देखिएका समस्या, चुनौती, सवल पक्ष र सुधारका लागि चाल्नुपर्ने उपायहरू समेटी प्रत्येक आर्थिक वर्षको श्रावण मसान्तभित्र वार्षिक प्रतिवेदन तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालमा पेश गर्नेछ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यकता अनुसार उक्त प्रतिवेदनलाई सार्वजनिक गर्न सक्नेछ।

(२) सदाचारिता मूल्याङ्कन (Integrity Assessment) गर्ने प्रयोजनार्थ राष्ट्रिय सतर्कता केन्द्रमा रहने गरी नेपाल सरकारले योग्य, इमान्दार, दलगत राजनीतिबाट टाढा रहेका ख्यातिप्राप्त व्यक्तिहरू मध्येबाट पाँच सदस्यीय विज्ञ समूह गठन गर्नेछ जसको कार्यजिम्मेवारी नेपाल सरकार, मन्त्रिपरिषद्ले तोकेबमोजिम हुनेछ।

(३) प्रत्येक सार्वजनिक निकायमा भ्रष्टाचार नियन्त्रण र सदाचारिता प्रवर्धनका लागि सम्पर्क विन्दु तोकिनेछ। साथै ती सार्वजनिक निकायवाट सदाचारिता र भ्रष्टाचार नियन्त्रणका सम्वन्धमा भए गरेका गतिविधिहरू र सदाचार कायम गर्ने सम्बन्धमा देखिएका समस्याहरू समेटिएको प्रतिवेदन तयार गरी चौमासिक रूपमा राष्ट्रिय सतर्कता केन्द्र र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

(४) सबै तहका न्यायालयको हकमा न्याय परिषद्मार्फत सदाचारको विषय हेर्ने संस्थागत व्यवस्था गरिनेछ।

(५) राष्ट्रिय सदाचार नीतिको प्रभावकारी कार्यान्वयनका लागि नीतिगत समन्वय र मार्गदर्शन गर्न देहायबमोजिमको निर्देशक समिति रहनेछः

(क) मुख्य सचिव, नेपाल सरकार - संयोजक
(ख) नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय - सदस्य
(ग) सचिव, प्रतिनिधिसभा - सदस्य
(घ) प्रमुख, राष्ट्रिय सतर्कता केन्द्र - सदस्य
(ङ) सचिव (शासकीय मामिला क्षेत्र हेर्ने), प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय - सदस्य सचिव



गोविन्द बहादुर कार्की
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरवार, काठमाडौं

निर्देशक समितिको वैठकमा कुनै सरकारी तथा गैरसरकारी क्षेत्रको पदाधिकारी, कर्मचारी वा विज्ञलाई आमन्त्रण गर्न सकिनेछ। निर्देशक समितिको वैठक वर्षको कम्तिमा तीन पटक वा आवश्यकतानुसार वस्नेछ। उक्त समितिको सचिवालयको कार्य प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको शासकीय सुधार सम्बन्धी विषय हेर्ने महाशाखाले गर्नेछ।

(६) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) सदाचार नीतिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने नीतिगत निर्देशन गर्ने र कार्यान्वयनमा देखिएका जटिलताहरू फुकाउने।

(ख) राष्ट्रिय सतर्कता केन्द्र, संसदीय समितिहरू, संवैधानिक निकायहरू र न्याय परिषद्बाट प्राप्त सुझावहरू कार्यान्वयनका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने।

(ग) सदाचार प्रवर्धनका लागि सरकारी, गैरसरकारी, निजी क्षेत्र र नागरिक समाजबीच समन्वयकारी भूमिका निर्वाह गरी कार्यगत एकरूपता कायम गर्ने।

(घ) नीति कार्यान्वयनका लागि आवश्यक पर्ने वित्तीय तथा मानव स्रोत साधनको व्यवस्था गर्ने गराउने।

(ङ) बदलिँदो परिवेश अनुसार राष्ट्रिय सदाचार नीतिमा गर्नुपर्ने समसामयिक सुधारका लागि सिफारिस गर्ने।

(च) सदाचार प्रवर्धनका लागि नेपाल सरकारले दिएका निर्देशन अनुसारको कार्य गर्ने।

### ३.२ कानूनी व्यवस्था

(१) यस नीतिको कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय तहले आचारसंहिता सम्बन्धी ऐन, नियमहरू बनाई लागू गर्नेछन्।

(२) यस नीतिका प्रावधासँग नबाझिने गरी सवै सार्वजनिक क्षेत्र, निजी क्षेत्र, गैरसरकारी क्षेत्र र सहकारी क्षेत्रका संस्थाहरूले आफ्नो कामको प्रकृतिअनुसारका आचार संहिता बनाई लागू गर्नेछन्।

(३) सबै संस्थाले निर्माण गरी लागू गरेका आचार संहिता सम्बन्धी व्यवस्थाहरू आफ्नो वेबसाइटमा राख्नु पर्नेछ।

### ३.३ वित्तीय व्यवस्था

राष्ट्रिय सदाचार नीतिको सफल कार्यान्वयनका लागि पर्याप्त र दिगो वित्तीय स्रोतको उपलब्धतालाई एक पूर्वशर्तको रूपमा लिइएको छ। यस नीतिका लागि आवश्यक पर्ने वित्तीय स्रोत नेपाल सरकारको नियमित वार्षिक बजेट तथा कार्यक्रममार्फत व्यहोरिने छ। सङ्घीयताको ढाँचा अनुरूप सङ्घ, प्रदेश र स्थानीय तह गरी तीनै तहका सरकारहरूले आ-आफ्नो वार्षिक बजेटमा सदाचार प्रवर्धन, भ्रष्टाचार



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरवार, काठमाडौं

गोविन्द बहादुर कार्की
सचिव

नियन्त्रण र नैतिक शिक्षाका क्रियाकलापहरूका लागि आवश्यक बजेट विनियोजन गर्नुपर्नेछ। विशेष गरी, सार्वजनिक निकायहरूमा सदाचारिता मापन, आचारसंहिताको अनुगमन र डिजिटल प्रणालीको सुदृढीकरणका लागि खर्च गर्ने गरी वित्तीय स्रोतको सुनिश्चितता गर्नुपर्नेछ।

सरोकारवालाहरूको क्षेत्रगत स्रोत व्यवस्थापनका सम्बन्धमा यस नीतिले केवल राज्यकोषमा मात्र भर नपरी विभिन्न क्षेत्रलाई आ-आफ्नो जिम्मेवारीमा परिचालन गर्ने अवधारणा अघि सारेको छ। निजी क्षेत्रले आफ्नो व्यवसायमा व्यावसायिक नैतिकता र सदाचार कायम गर्न 'संस्थागत सामाजिक उत्तरदायित्व' अन्तर्गतका कोषहरूलाई सदाचार प्रवर्धनका कार्यमा परिचालन गर्नुपर्ने छ। त्यसैगरी, गैरसरकारी र सहकारी क्षेत्रले आफ्ना कार्यक्रमहरू तर्जुमा गर्दा आन्तरिक स्रोतबाटै सदाचारिता र पारदर्शिताका लागि निश्चित बजेट छुट्याउनुपर्ने छ। नागरिक समाज र मिडिया क्षेत्रलाई पनि जनचेतना जगाउने र सामाजिक निगरानी बढाउने कार्यमा संलग्न गराई उनीहरूको विज्ञता र पहुँचलाई स्रोतको रूपमा उपयोग गर्ने नीति लिइएको छ।

### ३.४ नीति समन्वय र सामञ्जस्य

(१) सङ्घ, प्रदेश र स्थानीय तहका प्रत्येक निकायहरूले आ-आफ्नो संस्थामा भ्रष्टाचार नियन्त्रण र सदाचार प्रवर्धन सम्वन्धी कार्य गर्न कुनै शाखालाई सम्पर्क विन्दु र शो शाखाका एकजना कर्मचारीलाई सम्पर्क व्यक्ति तोक्नुपर्नेछ।

(२) उक्त सम्पर्कव्यक्ति मार्फत् सम्बद्ध सबैलाई सदाचारका नियमहरूको बारेमा शिक्षा/जानकारी दिने पद्धतिको विकास गरिनेछ।

(३) उक्त व्यक्तिले चौमासिक रूपमा संस्था प्रमुख समक्ष प्रतिवेदन दिने र त्यसलाई संस्थाको वेबसाइटमार्फत् सार्वजनिक गर्ने व्यवस्था गरिनेछ।

(४) उक्त व्यक्तिले तयार गरेको प्रतिवेदनमा कुनै जोखिम क्षेत्र पहिचान भएको भए राष्ट्रिय सतर्कता केन्द्रमा अनिवार्य रूपमा पठाउनु पर्नेछ।

### ३.५ जोखिम पहिचान र व्यवस्थापन

(क) **जोखिम पहिचानः** सदाचार नीति कार्यान्वयनका क्रममा उत्पन्न हुनसक्ने जोखिमहरूको समयमै पहिचान गर्न प्रणालीगत, प्रमाणमा आधारित र निरन्तर अद्यावधिक हुने जोखिम मूल्याङ्कन प्रक्रिया अवलम्बन गरिनेछ। यस अन्तर्गत नीतिगत, संस्थागत, प्रक्रियागत, वित्तीय तथा प्रविधिसम्बन्धी जोखिमहरूलाई समग्र रूपमा विश्लेषण गरी प्राथमिकता निर्धारण गरिनेछ। सेवा प्रवाह, सार्वजनिक खरिद, स्रोत परिचालन, मानव संसाधन व्यवस्थापन तथा निर्णय प्रक्रियाजस्ता उच्च जोखिमयुक्त क्षेत्रहरूमा विशेष ध्यान दिई जोखिम नक्शाङ्कन गरिनेछ। साथै, स्वार्थ बाझिने अवस्था, सूचना



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

गोविन्द बहादुर कार्की
सचिव

अपारदर्शिता, दण्डहीनता, कमजोर अनुगमन तथा डिजिटल प्रणालीको दुरूपयोगजस्ता सम्भावित जोखिमहरू पहिचान गर्न आन्तरिक तथा बाह्य स्रोतबाट प्राप्त तथ्यांक, गुनासो प्रणाली, अडिट प्रतिवेदन र सरोकारवालाको प्रतिक्रियाकोस उपयोग गरिनेछ।

(ख) **जोखिम व्यवस्थापनः** पहिचान गरिएका जोखिमहरूको प्रभावकारी व्यवस्थापनका लागि जोखिम न्यूनीकरण, नियन्त्रण तथा अनुगमनसम्बन्धी स्पष्ट कार्ययोजना तयार गरिनेछ। प्रत्येक जोखिमका लागि जिम्मेवार निकाय निर्धारण गरी निदानात्मक (diagnostic), निरोधात्मक (preventive) र सुधारात्मक (corrective) उपायहरू अवलम्बन गरिनेछ। आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण, पारदर्शिता अभिवृद्धि, डिजिटल सुरक्षा व्यवस्था, नियमित अडिट तथा अनुगमन र कर्मचारीको क्षमता अभिवृद्धि मार्फत जोखिम नियन्त्रण गरिनेछ। साथै, जोखिम व्यवस्थापन प्रक्रियालाई कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गरी नियमित समीक्षा, प्रतिवेदन र आवश्यकतानुसार सुधारात्मक हस्तक्षेप

## ३.६ नीतिको अनुगमन

(१) राष्ट्रिय सतर्कता केन्द्रले सदाचार नीति कार्यान्वयनको नियमित अनुगमन, नियमन तथा मूल्याङ्कन गर्नेछ।

(२) राष्ट्रिय सतर्कता केन्द्रले सबै सरकारी, निजीनिजी, गैरसरकारी र नागरिक समाजका संस्था वा तहमा रहेका सदाचार एकाईले दिएका प्रतिवेदनहरूको अध्ययन गर्ने र ती प्रतिवेदनका सिफारिसहरूको अध्ययन गरी आवश्यक कारवाही वा प्रतिवेदक निकायलाई सुझाव दिन सक्नेछ। त्यस्ता एकाई गठन गर्दा सम्बन्धित निकायमा रहेका विद्यमान शाखा वा कर्मचारीबाट गठन गर्नुपर्नेछ।

(३) अनुगमन, नियमन तथा मूल्याङ्कन गरेर प्राप्त भएको नतिजा वेबसाइटमा अनिवार्य राख्ने व्यवस्था गरिनेछ।

(४) व्यवस्थापिकामा सदाचार कायम गर्न संसद सचिवालयमा सदाचार प्रवर्धन एकाईको व्यवस्था गरिनेछ।

(५) न्यायालयमा सदाचार प्रवर्धनको लागि न्यायपरिषद सचिवालयमा सदाचार प्रवर्धन एकाईको व्यवस्था गरिनेछ।

## ३.७ नीतिको मूल्याङ्कन

यो नीति कार्यान्वयन भएको ५ वर्ष पछि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले स्वतन्त्र विज्ञसमूहवाट मूल्याङ्कन गर्नेछ। मूल्याङ्कनबाट प्राप्त सुझावको आधारमा नीतिको समसामयिक संशोधन गरिनेछ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

गोविन्द बहादुर कार्की
सचिव

### ३.८ नीति कार्यान्वयन कार्ययोजना

यो नीति प्रभावकारी रूपमा कार्यान्वयन गर्न स्पष्ट जिम्मेवारी निर्धारण, समयबद्ध कार्ययोजना र नतिजामुखी अनुगमन प्रणालीसहितको एकीकृत कार्यान्वयन ढाँचा आवश्यक हुन्छ। यसका लागि सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वित रूपमा कार्यान्वयन हुने गरी संरचना विकास गरिनेछ। नीति कार्यान्वयनको नेतृत्व सम्बन्धित केन्द्रीय निकायबाट हुने व्यवस्था गरी विषयगत मन्त्रालयहरू, नियमनकारी निकायहरू तथा कार्यान्वयन निकायहरूबीच स्पष्ट भूमिका बाँडफाँट गरिनेछ। यस नीतिमा उल्लेख भएका सबै क्षेत्र र निकायले आफ्नो क्षेत्राधिकारभित्र वार्षिक तथा आवधिक कार्यसम्पादन लक्ष्य निर्धारण गरी यो नीतिको कार्यान्वयन गर्नेछन्, जसले नीति कार्यान्वयनलाई योजनाबद्ध र परिणाममुखी बनाउनेछ।

प्रारम्भिक चरणमा यो नीति कार्यान्वयनका लागि कानूनी तथा नीतिगत सुधार, आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण, आचारसंहिता कार्यान्वयन र स्वार्थ बाझिने अवस्थाको व्यवस्थापनमा केन्द्रित कार्यक्रमहरू सञ्चालन गरिनेछ। त्यसपछि संस्थागत क्षमता अभिवृद्धि, डिजिटल प्रणाली विकास, सेवा प्रवाह सुधार तथा पारदर्शिता प्रवर्धनसँग सम्बन्धित कार्यक्रमहरू विस्तार गरिनेछ। दीर्घकालीन रूपमा सदाचारलाई संस्थागत संस्कृतिका रूपमा विकास गर्न व्यवहार परिवर्तन, नैतिक नेतृत्व प्रवर्धन तथा जनचेतना अभिवृद्धि जस्ता कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ।

नीति कार्यान्वयनलाई प्रविधिमैत्री र पारदर्शी बनाउन राष्ट्रिय सतर्कता केन्द्रमा एकीकृत डिजिटल प्लेटफर्मको स्थापना गरिनेछ। जसमार्फत यस नीतिको कार्ययोजनाको प्रगति, उपलब्धि र सूचकहरू वास्तविक समयमा आधारित अभिलेखीकरण र अनुगमन गरिनेछ। कार्ययोजनाको प्रत्येक क्रियाकलाको स्पष्ट कार्यसम्पादन सूचक (KPI), समयसीमा र जिम्मेवार निकाय निर्धारण गरी नतिजा मापनयोग्य बनाइने तथा प्रत्येक राष्ट्रसेवकको सत्यनिष्ठा मूल्याङ्कन सूचक (Integrity Assessment Index) तयार गरी प्राप्त अङ्क र नेतृत्व क्षमताको अङ्कलाई निजको वार्षिक कार्यसम्पादन मूल्याङ्कनको हिस्सा बनाइनेछ। यसका साथै, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सुदृढ गर्दै नियमित प्रगति समीक्षा, स्वतन्त्र मूल्याङ्कन तथा आवश्यकतानुसार नीतिगत सुधार गर्ने व्यवस्था गरिनेछ।

जवाफदेहिता सुनिश्चित गर्न दण्ड तथा प्रोत्साहन प्रणालीलाई कार्ययोजनासँग आबद्ध गरिनेछ, जसअन्तर्गत उत्कृष्ट कार्यसम्पादन गर्ने निकाय तथा कर्मचारीलाई प्रोत्साहन र कमजोर कार्यसम्पादन वा अनियमिततामा संलग्नलाई प्रचलित कानून बमोजिमको कारवाही गरिनेछ। साथै, नागरिक सहभागिता र सामाजिक निगरानीलाई सुदृढ गर्न सार्वजनिक प्रतिवेदन, खुला डेटा प्रणाली तथा गुनासो व्यवस्थापन संयन्त्रलाई प्रभावकारी बनाइनेछ। यसले नीति कार्यान्वयन प्रक्रियामा पारदर्शिता र सार्वजनिक विश्वास अभिवृद्धि गर्ने अपेक्षा गरिएको छ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

गोविन्द बहादुर कार्की
सचिव

साथै, नीति कार्यान्वयनलाई बहुक्षेत्रीय साझेदारीमा आधारित बनाउँदै सार्वजनिक क्षेत्र, निजी क्षेत्र, नागरिक समाज, सञ्चार माध्यमहरूसँग सहकार्य गरिनेछ। क्षमता विकास, स्रोत परिचालन तथा नवप्रवर्तनात्मक अभ्यासहरू प्रवर्धन गर्न यस्ता साझेदारीलाई संस्थागत गरिनेछ। यसरी समन्वित, चरणबद्ध, प्रविधिमैत्री र उत्तरदायी कार्ययोजना मार्फत सदाचार नीति कार्यान्वयनलाई प्रभावकारी, दिगो र परिणाममुखी बनाउने लक्ष्य राखिएको छ।

नीति कार्यान्वयनवाट आर्थिक, सामाजिक, सुशासन आदि क्षेत्रमा परेको समग्र प्रभाव मूल्याङ्कन सहित पाँच वर्षमा नीति पुनरावलोकन गरिनेछ।

यस नीतिमा उल्लिखित कार्यनीतिहरुको कार्यान्वयन गर्ने विस्तृत कार्ययोजना अनुसुची-१ मा प्रस्तुत गरिएको छ।

## ३.९ मार्गदर्शक नीति हुने

यो नीति सबै सरकारी, निजी तथा गैरसरकारी क्षेत्रको सदाचार सम्बन्धी मूल र मार्गदर्शक नीति हुनेछ। प्रदेश तथा स्थानीय तहहरूको लागि यो नीति प्रमुख मार्गदर्शक नीति हुनेछ। यस नीतिले सदाचार प्रवर्धनसम्बन्धी छरिएर रहेका कानूनी तथा नीतिगत व्यवस्था, निर्देशिका वा कार्यविधिहरूलाई सामन्जस्य र अद्यावधिक गर्ने उद्देश्य राखेको हुँदा सवै निकायले आ-आफ्ना विद्यमान आचारसंहिता तथा सदाचार सम्बन्धी नीति, कानूनहरूलाई यस नीति अनुकुल परिमार्जन गर्नु पर्नेछ। यस नीतिको कार्यान्वयनका क्रममा कुनै कानूनी अस्पष्टता वा द्विविधा उत्पन्न भएमा स्पष्ट गर्ने र व्याख्या गर्ने अधिकार नेपाल सरकारमा रहनेछ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरवार, काठमाडौं

गोविन्द बहादुर कार्की
सचिव

## अनुसूची-१
## कार्यनीति कार्यान्वयन कार्ययोजना

| क्र. सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १ | **सार्वजनिक सङ्गठनहरूको कार्यसंपादनलाई स्वच्छ, निस्पक्ष, पारदर्शि र जवाफदेही बनाउने गरी संगठनात्मक मूल्य घोषणा गर्ने।** | | | | |
| १.१ | सार्वजनिक सङ्गठनहरूको जिम्मेवारी र कार्यप्रकृति अनुकूल संगठनात्मक मूल्य निर्धारण गर्ने राष्ट्रिय दिग्दर्शन (Guideline) तयार गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | राष्ट्रिय सतर्कता केन्द्र, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ३ महिना | सार्वजनिक सङ्गठनका लागि संगठनात्मक मूल्य निर्धारण दिग्दर्शन स्वीकृत। |
| १.२ | दिग्दर्शनका आधारमा प्रत्येक सार्वजनिक निकायले आफ्नो कार्यजिम्मेवारीलाई मार्गदर्शन गर्ने विशिष्ट मूल्यहरू (Values) तय गरी सार्वजनिक रूपमा घोषणा गर्ने। | सबै सार्वजनिक निकायहरू (सङ्घ, प्रदेश र स्थानीय तह) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, विषयगत मन्त्रालयहरू | ६ महिना | शतप्रतिशत सार्वजनिक निकायद्वारा संगठनात्मक मूल्य पहिचान र घोषणा (ब्यानर, वेबसाइट तथा नागरिक बडापत्र मार्फत)। |
| १.३ | घोषित मूल्यहरूलाई दैनिक प्रशासनिक कार्यसम्पादन, नागरिक सेवा र निर्णय प्रक्रियामा अनिवार्य लागू गरी सोको वार्षिक समीक्षा गर्ने। | सम्बन्धित सार्वजनिक निकायका प्रमुखहरू | राष्ट्रिय सतर्कता केन्द्र, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (NASC) | निरन्तर (वार्षिक समीक्षा) | घोषित संगठनात्मक मूल्य अनुसारको उत्तरदायी कार्यसंस्कृति विकास र नागरिक सन्तुष्टि अभिवृद्धि। |
| २ | **संस्थागत संरचनामा नैतिक आचरणका मापदण्ड समावेश गर्दै सबैका लागि स्पष्ट सदाचार संहिता तयार गर्ने।** | | | | |
| २.१ | सार्वजनिक, निजी, गैरसरकारी र सहकारी क्षेत्रका संस्थागत संरचनामा समेट्नुपर्ने नैतिक आचरणका न्यूनतम मापदण्डहरू पहिचान गरी राष्ट्रिय सदाचार संहिताको मस्यौदा तयार गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | राष्ट्रिय सतर्कता केन्द्र, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र निजी तथा | ६ महिना | सबै क्षेत्रका लागि स्पष्ट नैतिक मापदण्ड समेटिएको राष्ट्रिय सदाचार संहिताको एकीकृत मस्यौदा तयार हुने। |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्...

गोविन्द बहादुर कार्की
सचिव

| क्र. सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| | | | गैरसरकारी क्षेत्रका निकायहरु | | |
| २.२ | तयार भएको संहितालाई नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत गराई लागू गर्ने र तीनै तहका सार्वजनिक निकाय, निजी क्षेत्र र नागरिक समाजका संस्थागत संरचनामा यसलाई आन्तरिकीकरण गर्न अभिमुखीकरण सञ्चालन गर्ने। | सम्वन्धित सार्वजनिक निकाय, निजी क्षेत्र र संस्थागत संरचना | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, विषयगत मन्त्रालयहरू, सरकारी/गैरसरकारी महासङ्घहरू, प्रदेश तथा स्थानीय तहहरू | १ वर्ष | सदाचार संहिता स्वीकृत भई सबै सरोकारवालाहरू आफ्ना नैतिक जिम्मेवारीप्रति सचेत र प्रतिबद्ध हुने। |
| २.३ | संस्थागत संरचनामा सदाचार संहिता पालनाको अवस्था मापन गर्न 'सदाचार मूल्याङ्कन सूचकाङ्क' (Integrity Assessment Index) विकास गर्ने र यसको कार्यान्वयनको नियमित अनुगमन तथा वार्षिक मूल्याङ्कन गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र राष्ट्रिय सतर्कता केन्द्र | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षकको कार्यालय र सम्बद्ध नियामक निकायहरू | निरन्तर | संस्थागत संरचनाहरूमा नैतिक आचरण र सदाचारिता प्रणालीगत रूपमा स्थापित भई सुशासन प्रवर्धन हुने। |
| **३** | **राज्यका सबै क्षेत्रमा लागू हुने गरी सदाचार ऐन निर्माण गर्ने।** | | | | |
| ३.१ | सबै क्षेत्र (सार्वजनिक, निजी, गैरसरकारी) लाई समेट्ने गरी सदाचार विधेयकको मस्यौदा तयार गर्ने र सरोकारवालाहरूसँग व्यापक छलफल गरी अन्तिम रूप दिने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, क्षेत्रगत विज्ञहरू | ६ महिना | सरोकारवालाको सुझाव समेटिएको सदाचार विधेयकको अन्तिम मस्यौदा तयार। |
| ३.२ | विधेयकलाई संघीय संसदबाट पारित गराई ऐन जारी गर्ने तथा ऐन कार्यान्वयनका लागि आवश्यक नियमावली/मापदण्ड बनाई लागू गर्ने। | संघीय संसद, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, सबै क्षेत्रका नियामक निकायहरू | १ वर्ष | राष्ट्रिय सदाचार ऐन र नियमावली जारी भई राज्यका सबै क्षेत्रमा कानूनी रूपमा लागू। |
| **४** | **तालिम र कार्यशालाको आयोजना गरी आचारसंहिता पालनामा सचेत र प्रतिबद्ध बनाउने।** | | | | |
| ४.१ | सबै क्षेत्रका लागि उपयुक्त सदाचार र आचारसंहिता सम्बन्धी एकीकृत पाठ्यक्रम, सन्दर्भ | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | राष्ट्रिय सतर्कता केन्द्र, कानून, न्याय तथा | ३ महिना | स्वीकृत आचारसंहिता तालिम सञ्चालन कार्यविधि र दक्ष |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार

गोविन्द बहादुर कार्की
सचिव

| क. सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| | सामग्री तयार गर्ने र मुख्य प्रशिक्षकहरू उत्पादन गर्ने। | | संसदीय मामिला मन्त्रालय, निजी तथा सहकारी क्षेत्रका तालिम केन्द्रहरू | | प्रशिक्षकको समूह (Trainer's Pool) तयार। |
| ४.२ | सार्वजनिक, निजी र गैरसरकारी क्षेत्रका पदाधिकारी एवं कर्मचारीहरूका लागि अभिमुखीकरण तालिम तथा कार्यशाला आयोजना गरी आचरण पालनाको लिखित प्रतिबद्धता गराउने। | सबै सार्वजनिक निकाय तथा क्षेत्रगत संस्थाहरू | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, राष्ट्रिय सतर्कता केन्द्र, तालिम प्रदायक संस्थाहरू | निरन्तर (सुरुवात ६ महिनाभित्र) | लक्षित कर्मचारी तथा सरोकारवालाहरू आचारसंहिताबारे सचेत भई कार्यस्थलमा सदाचारिता कायम भएको। |
| **५** | **सञ्चार माध्यममार्फत समाजमा सदाचारप्रति सचेतना अभिवृद्धि अभियान सञ्चालन गर्ने।** | | | | |
| ५.१ | सदाचार, नैतिकता र भ्रष्टाचारविरुद्धका सन्देशमूलक सामग्रीहरू (अडियो, भिडियो, जिङ्गल, पोष्टर र डिजिटल कन्टेन्ट) तयार गर्ने र निकायगत आमसञ्चार रणनीति स्वीकृत गर्ने। | सूचना तथा सञ्चार मन्त्रालय (विज्ञापन बोर्ड समेत) | राष्ट्रिय सतर्कता केन्द्र, नेपाल टेलिभिजन, रेडियो नेपाल, मिडिया विज्ञहरू | ३ महिना | बहुमाध्यम (Multi-media) मा आधारित गुणस्तरीय सदाचार सचेतना सामग्रीहरू तयार। |
| ५.२ | रेडियो, टेलिभिजन, पत्रपत्रिका, अनलाइन र सामाजिक सञ्जाल मार्फत अभियान सञ्चालन गर्ने तथा सचेतनाको प्रभावबारे नागरिक पृष्ठपोषण लिने। | सूचना तथा सञ्चार मन्त्रालय, राष्ट्रिय सतर्कता केन्द्र | नेपाल पत्रकार महासङ्घ, निजी तथा सामुदायिक सञ्चार माध्यमहरू, स्थानीय तहहरू | निरन्तर (सुरुवात ४ महिनाभित्र) | समाजमा सदाचारप्रति सकारात्मक दृष्टिकोणको विकास र व्यापक नागरिक सचेतना अभिवृद्धि। |
| **६** | **सबै उमेर समूहलाई लक्षित गरी सदाचार प्रवर्धन कार्यक्रम सञ्चालन गर्ने।** | | | | |
| ६.१ | बालबालिका, युवा र ज्येष्ठ नागरिकका लागि छुट्टाछुट्टै सदाचार प्रवर्धन सामग्री (जस्तैः विद्यालयमा नैतिक शिक्षा, युवाका लागि डिजिटल इथिक्स र ज्येष्ठ नागरिकका लागि अनुभव आदानप्रदान चौतारी) तयार गर्ने। | शिक्षा तथा खेलकूद मन्त्रालय (पाठ्यक्रम विकास केन्द्र) | महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, राष्ट्रिय सतर्कता केन्द्र, नागरिक समाज | ६ महिना | उमेर समूह अनुसारको स्वीकृत सदाचार सिकाई सामग्री र कार्यविधि तयार। |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौं

गोविन्द बहादुर कार्की
सचिव

| क्र. सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ६.२ | विद्यालय, कलेज, क्लब र स्थानीय समुदाय स्तरमा उमेर समूह केन्द्रित चेतनामूलक कार्यक्रम, सपथ ग्रहण र सदाचारिता संवाद शृङ्खला सञ्चालन गर्ने। | स्थानीय तहहरू (७५३ वटै पालिका) | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, शैक्षिक संस्थाहरू, नेपाल स्काउट, युवा क्लबहरू | निरन्तर (सुरुवात ७ महिनाभित्र) | हरेक उमेर समूहमा नैतिक आचरण र सदाचारी मूल्य मान्यताप्रतिको सामाजिक दायित्व बोधमा वृद्धि। |
| ७ | **शैक्षिक तथा प्राज्ञिक संस्था र अनुसन्धान केन्द्रसँग सहकार्य गरी नैतिकता र सदाचारका विषयमा अध्ययन र अनुसन्धानको प्रवर्धन गर्ने।** | | | | |
| ७.१ | विश्वविद्यालयहरू र अनुसन्धान केन्द्रहरूसँग सहकार्यको समझदारी (MoU) गर्ने तथा नैतिकता र सदाचारका क्षेत्रमा शोध गर्न 'राष्ट्रिय सदाचार शोधवृत्ति कोष' खडा गर्ने। | शिक्षा तथा खेलकूद मन्त्रालय | विज्ञान प्रविधि तथा नवप्रवर्तन मन्त्रालय, विश्वविद्यालय अनुदान आयोग, नेपाल प्रज्ञा-प्रतिष्ठान, राष्ट्रिय सतर्कता केन्द्र | ६ महिना | प्राज्ञिक सहकार्यको कार्यविधि स्वीकृत र सदाचार अनुसन्धान कोष स्थापना। |
| ७.२ | राष्ट्रिय सदाचार र सुशासनका रैथाने मूल्य, चुनौती र नवीन प्रविधि (जस्तै AI Ethics) का विषयमा शोधपत्र तयार गर्न लगाउने, सोको प्रकाशन गर्ने र प्राप्त निष्कर्षलाई नीति निर्माणमा उपयोग गर्ने। | विश्वविद्यालयहरू र सम्बद्ध अनुसन्धान केन्द्रहरू | विश्वविद्यालय अनुदान आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग | निरन्तर (वार्षिक चक्र) | नैतिकता र सदाचारका विभिन्न आयाममा प्राज्ञिक दस्तावेज/प्रतिवेदनहरू तयार भई नीतिगत सुधारमा योगदान पुगेको। |
| ८ | **सार्वजनिक, निजी र गैरसरकारी क्षेत्रका लागि आवश्यकतानुसार राष्ट्रिय सतर्कता केन्द्रबाट परामर्श सेवा उपलब्ध गराउँदै संस्थागत सुधारमा सहयोग पुऱ्याउने।** | | | | |
| ८.१ | संस्थागत सुधारका लागि प्राविधिक सल्लाह, सदाचार प्रवर्धन र जोखिम न्यूनीकरण सम्बन्धी परामर्श सेवा कार्यविधि निर्माण गर्ने र आन्तरिक तथा बाह्य विज्ञहरूको समूह सूचीकृत गर्ने। | राष्ट्रिय सतर्कता केन्द्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, क्षेत्रगत नियमनकारी निकायहरू | ४ महिना | स्वीकृत परामर्श सेवा कार्यविधि र विषयगत विज्ञहरूको रोष्टर (Roster) तयार। |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार

गोविन्द बहादुर कार्की
सचिव

| क. सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ८.२ | सार्वजनिक, निजी र गैरसरकारी संस्थाहरूको माग र आवश्यकताका आधारमा सदाचारिता, सुशासन र कार्यप्रणाली सुधारका लागि परामर्श सेवा प्रदान गर्ने र सोको प्रभाव मूल्याङ्कन गर्ने। | राष्ट्रिय सतर्कता केन्द्र | सम्बन्धित मागकर्ता संस्थाहरू, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, नेपाल उद्योग वाणिज्य महासङ्घ, गैसस महासङ्घ | निरन्तर (माग भई आए बमोजिम) | परामर्श प्राप्त संस्थाहरूको कार्यप्रणाली पारदर्शी र सुदृढ भई संस्थागत सुशासनमा सुधार आएको। |
| **९** | **सदाचार सम्बन्धी भएका अध्ययन अनुसन्धानलाई अभिलेखीकरण गरी यसका निस्कर्षलाई नीति, कानुन र कार्यक्रम तर्जुमा गर्दा ध्यान दिने।** | | | | |
| ९.१ | सदाचार, सुशासन र नीतिगत अनुसन्धानका दस्तावेजहरू डिजिटल रूपमा भण्डारण र वर्गीकरण गर्न मिल्ने एकीकृत ज्ञान व्यवस्थापन प्रणालीको आर्किटेक्चर तयार गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | राष्ट्रिय सतर्कता केन्द्र, सूचना तथा सञ्चार मन्लालय, केन्द्रीय पुस्तकालयहरू | ६ महिना | सुरक्षित, खोज्न योग्य (Searchable) र प्रयोगकर्ता-मैत्री डिजिटल ज्ञान पोर्टल निर्माण। |
| ९.२ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शोधपत्र, प्रतिवेदन, कानून र उत्कृष्ट अभ्यासहरूलाई पोर्टलमा निरन्तर प्रविष्टि गर्ने र नीति निर्माण तथा कानून तर्जुमा गर्दा पृष्ठपोषणको रुपमा उपयोग गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय सतर्कता केन्द्र, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, विश्वविद्यालयहरू | आर्किटेक्चर तयार भएपछि निरन्तर | अनुसन्धान र नीति निर्माणका लागि भरपर्दो 'केन्द्रीय ज्ञान बैंक' (Knowledge Bank) सञ्चालनमा आएको। |
| **१०** | **सदाचार र सुशासन सम्बन्धी अनुसन्धानको प्रतिवेदन सार्वजनिक गरी जनस्तरमा बहस र संवादको माध्यम बनाउने।** | | | | |
| १०.१ | सदाचार र सुशासन सम्बन्धी अनुसन्धान प्रतिवेदनहरूलाई औपचारिक रूपमा सार्वजनिक गर्ने तथा आम नागरिकले बुझ्ने गरी संक्षिप्त बुलेटिन, इन्फोग्राफिक्स र नीति संक्षेप (Policy Brief) तयार गर्ने। | राष्ट्रिय सतर्कता केन्द्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अनुसन्धान गर्ने शैक्षिक/प्राज्ञिक संस्थाहरू | प्रतिवेदन तयार भएको १ महिनाभित्र | सरल र सर्वसुलभ ढाँचामा डिजिटल तथा छापा माध्यममा अनुसन्धानका निष्कर्षहरू उपलब्ध। |

गोविन्द बहादुर कार्की
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को
सिंहदरबार, काठमाडौं

| क्र. सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १०.२ | विश्वविद्यालय, नागरिक समाज, मिडिया र स्थानीय तहमा प्रतिवेदनका निष्कर्षमाथि 'सदाचार संवाद' र सार्वजनिक बहस शृङ्खला सञ्चालन गरी नागरिक पृष्ठपोषण लिने। | राष्ट्रिय सतर्कता केन्द्र | नेपाल पत्रकार महासङ्घ, विश्वविद्यालयहरू, स्थानीय तहहरू, नागरिक समाज | निरन्तर (प्रति वर्ष कम्तीमा ४ वटा मुख्य संवाद) | अनुसन्धानका निष्कर्षमाथि जनस्तरमा व्यापक विमर्श भई नीति परिमार्जनका लागि जनदबाब र स्वामित्व सिर्जना भएको। |
| ११ | **निर्णय प्रक्रियामा सरोकारवालाको सहभागिता सुनिश्चित गर्दै सूचना प्रवाहलाई पारदर्शी बनाउने।** | | | | |
| ११.१ | नीति, योजना वा महत्वपूर्ण निर्णय हुनुपूर्व अनिवार्य रूपमा मस्यौदा सार्वजनिक गरी अनलाइन (डिजिटल पोर्टल) र सार्वजनिक सुनुवाइ मार्फत सरोकारवालाको सुझाव लिने संयन्त्र बनाउने। | सबै सार्वजनिक निकायहरू (सङ्घ, प्रदेश र स्थानीय तह) | सूचना तथा सञ्चार मन्त्रालय, राष्ट्रिय सतर्कता केन्द्र | ३ महिना | निर्णय प्रक्रियामा सरोकारवालाको राय लिने कार्यविधि र डिजिटल पृष्ठपोषण प्रणाली सञ्चालन। |
| ११.२ | सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम प्रत्येक ३/३ महिनामा सार्वजनिक गर्नुपर्ने २० वटा विषयका सूचनाहरूलाई सबै निकायले आफ्नो वेबसाइटमा सरल र खुला डाटा (Open Data) को रूपमा नियमित अद्यावधिक गर्ने। | सबै सार्वजनिक निकायका सूचना अधिकारीहरू | राष्ट्रिय सूचना आयोग, सूचना तथा सञ्चार मन्त्रालय | निरन्तर (प्रत्येक त्रैमासिक) | नागरिकले माग नगरीकन नै पाउनुपर्ने सूचनाहरू शतप्रतिशत डिजिटल रूपमा उपलब्ध भएको। |
| ११.३ | सार्वजनिक निकायहरूले गरेका प्रमुख निर्णयहरू, बजेट खर्च र प्रतिफलको विषयमा नागरिक समाज, उपभोक्ता र सरोकारवाला समूहसँग नियमित सार्वजनिक संवाद र सामाजिक परीक्षण गर्ने। | सम्बन्धित कार्यालय प्रमुख तथा स्थानीय तहहरू | जिल्ला समन्वय समिति, स्थानीय सञ्चार माध्यम, नागरिक समाज | अर्ध-वार्षिक/वार्षिक | सार्वजनिक निर्णयमा नागरिकको स्वामित्व वृद्धि, पारदर्शिता प्रवर्धन र शासकीय जवाफदेहिता सुदृढ। |
| १२ | **निर्णयको प्रभाव मूल्याङ्कन गर्दै जवाफदेही प्रणालीलाई सुदृढ पार्ने र जवाफदेहिता अभिवृद्धि गर्ने।** | | | | |
| १२.१ | सार्वजनिक निकायहरूले गरेका नीतिगत तथा व्यवस्थापकीय निर्णयहरूको सामाजिक, आर्थिक र वातावरणीय प्रभाव मापन गर्ने मानक सूचक र निर्देशिका तयार गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | राष्ट्रिय योजना आयोग, राष्ट्रिय सतर्कता केन्द्र, प्रशासनिक विज्ञहरू | ४ महिना | निर्णयको प्रभाव मूल्याङ्कन सम्बन्धी व्यावहारिक निर्देशिका र सूचकहरू स्वीकृत। |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौं

गोविन्द बहादुर कार्की
सचिव

| क्र. सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १२.२ | सम्पादित ठूला निर्णय वा आयोजनाहरूको स्थलगत प्रभाव मूल्याङ्कन गर्ने तथा 'सिटिजन रिपोर्ट कार्ड' र तेस्रो पक्ष (Third Party) मूल्याङ्कन मार्फत जनताको वास्तविक पृष्ठपोषण संकलन गर्ने। | राष्ट्रिय योजना आयोग, सम्बन्धित मन्त्रालयहरू | राष्ट्रिय तथ्याङ्क कार्यालय, अनुसन्धान केन्द्रहरू, नागरिक समाज | वार्षिक/निरन्तर | निर्णयहरूले पारेको वास्तविक प्रभाव र नागरिक सन्तुष्टिको वस्तुनिष्ठ प्रतिवेदन तयार। |
| १२.३ | मूल्याङ्कनको निष्कर्षका आधारमा संस्था प्रमुख र निर्णयकर्तासँग 'कार्यसम्पादन उत्तरदायित्व संवाद' गर्ने, कमजोरी सुधार गर्न निर्देशन दिने र सोलाई कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र | त्रैमासिक/वार्षिक | निर्णयकर्ताहरू परिणामप्रति जिम्मेवार बनेको र जवाफदेही शासकीय प्रणाली सुदृढ भएको। |
| **१३** | **समयमा नै निर्णय लिने र कार्यसम्पादनलाई सुनिश्चित गर्ने।** | | | | |
| १३.१ | प्रत्येक तहको फाइल स्वीकृतिको अधिकतम समयसीमा तोक्ने र निर्णय प्रक्रियाको ढिलाइ सङ्केत गर्ने डिजिटल फाइल ट्र्याकिङ प्रणाली (DTS) कार्यान्वयन गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सूचना तथा संचार मन्त्रालय, राष्ट्रिय सतर्कता केन्द्र | ४ महिना | समयबद्ध निर्णय सम्बन्धी मापदण्ड लागू र शतप्रतिशत डिजिटल फाइल ट्र्याकिङ सुरु। |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार

गोविन्द बहादुर कार्की
सचिव

| क्र. सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १३.२ | निकाय प्रमुखदेखि तहगत कर्मचारीसम्म सूचकमा आधारित कार्यसम्पादन सम्झौता गर्ने, समयमा निर्णय नगर्नेलाई जवाफदेही बनाउने र कार्यसम्पादनलाई सरुवा तथा वृत्तिविकाससँग आबद्ध गर्ने। | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सबै सार्वजनिक निकायहरू | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लोक सेवा आयोग | निरन्तर (आर्थिक वर्षको सुरुमै सम्झौता) | निर्णयमा हुने ढिलाइ र 'लालफिताशाही' को अन्त्य भई सार्वजनिक सेवा प्रवाहको नतिजा सुनिश्चित। |
| **१४** | **सदाचार शिक्षाका विषयलाई विद्यालय र विश्वविद्यालयका साथै अनौपचारिक शिक्षाको पाठ्यक्रममा समावेश गर्ने।** | | | | |
| १४.१ | विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जन गरी प्रारम्भिक बालविकासदेखि कक्षा १२ सम्म सदाचार, नागरिक कर्तव्य र नैतिकता सम्बन्धी व्यावहारिक विषयवस्तु थप गर्ने। | शिक्षा तथा खेलकूद मन्त्रालय(पाठ्यक्रम विकास केन्द्र) | राष्ट्रिय सतर्कता केन्द्र, नेपाल स्काउट, पेशागत संस्थाहरु | ६ महिना | विद्यालय तहको परिमार्जित पाठ्यक्रम र शिक्षक निर्देशिका स्वीकृत। |
| १४.२ | उच्च शिक्षाका सबै संकाय र प्राविधिक/व्यावसायिक विधा (जस्तैः इन्जिनियरिङ, चिकित्सा, व्यवस्थापन, कानून) मा सदाचार र व्यावसायिक नैतिकताको अनिवार्य कोर्स डिजाइन गरी लागू गर्ने। | विश्वविद्यालय अनुदान आयोग | सबै विश्वविद्यालयहरू, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् | ९ महिना | उच्च शिक्षा र प्राविधिक विधाका पाठ्यक्रममा 'व्यावसायिक नैतिकता' को विधा अनिवार्य रूपमा समावेश। |
| १४.३ | विद्यालय बाहिर रहेका युवा, वयस्क र ज्येष्ठ नागरिकका लागि सञ्चालन हुने अनौपचारिक शिक्षा, वयस्क साक्षरता र जीवनपर्यन्त सिकाई (Lifelong Learning) का सामग्रीमा सदाचार र सामाजिक मूल्यका विषयवस्तु समावेश गर्ने। | शिक्षा तथा खेलकूद मन्त्रालय(अनौपचारिक शिक्षा केन्द्र/शिक्षा तथा | स्थानीय तहहरू (७५३ पालिकाहरू), सामुदायिक सिकाई केन्द्र (CLC) | १ वर्ष | अनौपचारिक शिक्षाका लागि सदाचारिता प्रवर्धन गर्ने पाठ्यसामग्री तथा निर्देशिका तयार भई कार्यान्वयन। |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

गोविन्द बहादुर कार्की
सचिव

| क. सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| | | मानव स्रोत विकास केन्द्र) | | | |
| **१५** | **शिक्षक/प्रशिक्षकका लागि सदाचार तालिम कार्यक्रम प्रदान गरी नैतिक शिक्षा र सदाचारलाई नियमित रूपमा शिक्षण गराउने।** | | | | |
| १५.१ | शिक्षक तथा प्रशिक्षकहरूलाई नैतिक शिक्षा र सदाचारिता सिकाउने विधि, व्यवहार परिवर्तनका औजार र मूल्याङ्कन प्रणाली समेटिएको विशेष तालिम निर्देशिका (ToT Manual) तयार गर्ने। | शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, राष्ट्रिय सतर्कता केन्द्र | ३ महिना | स्वीकृत 'सदाचार र नैतिक शिक्षण' शिक्षक तालिम मोड्युल तयार। |
| १५.२ | टिचर्स ट्रेनिङ हबहरू र शिक्षा तालिम केन्द्रहरू मार्फत विद्यालयका शिक्षक तथा विश्वविद्यालयका प्रशिक्षकहरूलाई चरणबद्ध रूपमा सदाचारिता सम्बन्धी सघन तालिम प्रदान गर्ने। | शिक्षा तथा खेलकूद मन्त्रालय(प्रदेश शिक्षा तालिम केन्द्रहरू) | विश्वविद्यालयहरू, स्थानीय तहका शिक्षा शाखाहरू, पेशागत संस्थाहरु | ९ महिना | लक्षित कम्तीमा ८०% शिक्षक/प्रशिक्षकहरू सदाचार शिक्षणमा प्रशिक्षित भएका। |
| १५.३ | प्रशिक्षित शिक्षकहरूद्वारा कक्षाकोठामा नैतिक शिक्षाको नियमित शिक्षण सुनिश्चित गर्ने तथा प्रधानाध्यापक र विद्यालय निरीक्षकहरू मार्फत सोको नियमित अनुगमन र शिक्षण सहजकीकरण (Mentoring) गर्ने। | स्थानीय तहहरू (७५३ वटै पालिका) | विद्यालय व्यवस्थापन समिति, शिक्षा विकास तथा समन्वय इकाई | निरन्तर (तालिम पश्चात् सँगसँगै) | विद्यालय र शैक्षिक संस्थाहरूमा नैतिक शिक्षाको नियमित र प्रभावकारी शिक्षण कार्यसंस्कृति स्थापित। |
| **१६** | **सबै क्षेत्र र तहमा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दा सदाचार शिक्षालाई समावेश गर्ने।** | | | | |
| १६.१ | नवप्रवेशी तथा सेवाकालीन सबै सरकारी कर्मचारीको पाठ्यक्रम (Pre-service & In-service) मा सदाचार, भ्रष्टाचार निवारण र नागरिक दायित्वको विषय अनिवार्य गर्ने। | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, सबै विभागीय तालिम केन्द्रहरू | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय सतर्कता केन्द्र | ६ महिना | सबै राष्ट्रसेवकहरूको सेवाकालीन तालिममा सदाचार मोड्युल अनिवार्य रूपमा लागू। |
| १६.२ | उद्योगी, व्यवसायी र निजी क्षेत्रका प्रबन्धकहरूका लागि सञ्चालन गरिने अभिमुखीकरणमा व्यावसायिक नैतिकता (Business Ethics) र उपभोक्ता हित संरक्षण सम्बन्धी सदाचार शिक्षा अनिवार्य गर्ने। | नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, पेशागत संघ संस्थाहरु | ९ महिना | निजी क्षेत्रका मुख्य नेतृत्व र प्रबन्धकहरू व्यावसायिक आचरण र सदाचारितामा प्रशिक्षित। |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय सिंहदरबार

गोविन्द बहादुर कार्की
सचिव

| क. सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| | | परिसङ्घ, नेपाल चेम्बर अफ कमर्स | | | |
| १६.३ | विकास साझेदार र गैरसरकारी संस्थाहरूका परियोजना सहजकर्ता एवं सामाजिक परिचालकहरूको क्षमता विकास तालिममा पारदर्शिता, वित्तीय अनुशासन र सामाजिक सदाचारका विषय समावेश गर्ने। | गैरसरकारी संस्था महासङ्घ नेपाल | समाज कल्याण परिषद्, गृह मन्त्रालय, स्थानीय तहहरू | ९ महिना | नागरिक समाज र गैससकर्मीहरू आन्तरिक सुशासन र सदाचारिताप्रति प्रतिबद्ध बनेका। |
| १६.४ | सहकारीका बुझाई, व्यवस्थापन र लेखा समिति सम्बन्धी तालिमहरूमा वित्तीय सहकारी सदाचार, सदस्य हित र इमानदारिता सम्बन्धी विशेष सत्रहरू समावेश गरी प्रशिक्षण दिने। | सहकारी विभाग, राष्ट्रिय सहकारी महासङ्घ नेपाल | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, प्रदेश सहकारी रजिष्ट्रार कार्यालय | १ वर्ष | सहकारी संस्थाहरूमा वित्तीय अनुशासन र सुशासन अभिवृद्धि भई सदस्यहरूको बचत सुरक्षित। |
| **१७** | **लोकसेवा आयोग लगायत भर्ना छनौट निकायको पाठ्यक्रममा नैतिकता एवम् सदाचारिताका विषयलाई समावेश गर्ने।** | | | | |
| १७.१ | लोकसेवा आयोग, शिक्षक सेवा आयोग, सुरक्षा निकाय तथा अन्य सरकारी संस्थानका भर्ना परीक्षाको पाठ्यक्रम पुनरावलोकन गरी नैतिकता, सदाचार र मूल्य-मान्यता सम्बन्धी विषयवस्तु थप गर्ने र लिखित परीक्षामा सोको निश्चित अङ्कभार तोक्ने। | लोकसेवा आयोग, शिक्षक सेवा आयोग, सुरक्षा निकायका भर्ना छनौट समितिहरू | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय सतर्कता केन्द्र | ६ महिना | सबै भर्ना छनौट निकायहरूको परिमार्जित पाठ्यक्रम स्वीकृत भई राजपत्र/सूचनामा प्रकाशित। |
| १७.२ | योग्यता प्रणालीको छनौट प्रक्रिया (लिखित, प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ता) मा नैतिक संवेदनशीलता, इमानदारिता र निर्णय क्षमता मापन गर्ने व्यावहारिक प्रश्नहरू (Case Studies/Situation Reaction Tests) समावेश गर्ने। | सबै भर्ना छनौट निकायहरू | लोकसेवा आयोग, प्रशासनिक विज्ञहरू, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | निरन्तर (पाठ्यक्रम परिमार्जन पश्चात्) | सरकारी तथा सार्वजनिक सेवामा प्रवेश गर्नुअघि नै जनशक्तिको नैतिक दृष्टिकोण परीक्षण भई सदाचारी उम्मेदवार छनौट हुने प्रणाली सुदृढ। |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

गोविन्द बहादुर कार्की
सचिव

| क्र. सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १८ | **धार्मिक, सामाजिक र सांस्कृतिक विविधताको पहिचान गर्दै सहिष्णुता र सद्भावको संरक्षण र प्रवर्धन गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने।** | | | | |
| १८.१ | विभिन्न धर्मका गुरु, मन्दिर/गुम्बा/मस्जिद/चर्चका व्यवस्थापन समितिहरू बीच नियमित संवाद गराउने र "धार्मिक सद्भाव तथा सदाचार सञ्जाल" गठन गरी संयुक्त प्रतिबद्धता जारी गर्ने। | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | धार्मिक तथा गुठी व्यवस्थापन सम्बद्ध निकायहरू, अन्तर-धार्मिक सञ्जाल नेपाल, स्थानीय तहहरू | ६ महिना | स्थानीय तथा राष्ट्रिय स्तरमा अन्तर-धार्मिक संवाद संयन्त्र क्रियाशील भई धार्मिक सहिष्णुता सुदृढ। |
| १८.२ | स्थानीय समुदायमा रहेका विभिन्न जातजाति, लिङ्ग र वर्गबीच आपसी समझदारी बढाउन "सद्भाव शिविर", चौतारी बैठक र विभेदविरुद्धका सामाजिक सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने। | गृह मन्त्रालय (जिल्ला प्रशासन कार्यालयहरू) | महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय, गैरसरकारी संस्थाहरू, नागरिक समाज | ९ महिना | सामाजिक कुप्रथा र विभेदहरू न्यूनीकरण भई आपसी सद्भाव र सामाजिक एकतामा वृद्धि। |
| १८.३ | विभिन्न जातजातिका परम्परागत सदाचारका रैथाने मूल्यहरू (जस्तैः सामूहिक सहकार्य, पाहुना सत्कार, प्राकृतिक संवर्द्धन) को अभिलेखीकरण गर्ने र संयुक्त "सांस्कृतिक उत्सव तथा सिकाई आदानप्रदान" कार्यक्रम आयोजना गर्ने। | स्थानीय तहहरू (७५३ वटै पालिकाहरू) | नेपाल प्रज्ञा-प्रतिष्ठान, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, स्थानीय सांस्कृतिक सङ्घ-संस्थाहरू | निरन्तर (वार्षिक कार्यतालिका अनुसार) | सांस्कृतिक विविधताको संरक्षण हुनुका साथै रैथाने सकारात्मक मूल्यहरूको पुस्तान्तरण। |
| १९ | **विभिन्न समुदायबीच विविधताको संरक्षण र एकताको प्रवर्धन गर्न अन्तर संवाद र सहकार्यको वातावरण सिर्जना गर्ने।** | | | | |
| १९.१ | बहुसांस्कृतिक र बहुधार्मिक विशेषता भएका स्थानीय तह तथा वडाहरूमा विभिन्न समुदायका नेतृत्व, सङ्घ-संस्था र संस्कृतिविद्हरू सम्मिलित आवधिक संवाद संयन्त्र गठन गरी नियमित अन्तर्क्रिया गराउने। | स्थानीय तहहरू (७५३ वटै पालिकाहरू) | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ४ महिना | समुदायहरूबीच आपसी असमझदारी हट्ने, सद्भाव बढ्ने र संवादको नियमित माध्यम सुनिश्चित हुने। |

गोविन्द बहादुर कार्की
सचिव

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् सिंहदरबार, काठमाडौं

| क्र. सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १९.२ | विभिन्न जातजाति, भाषा र समुदायका मौलिक चाडपर्व, भेषभूषा, कला र खानपानलाई एकै ठाउँमा समेट्ने गरी स्थानीय तथा प्रादेशिक स्तरमा संयुक्त सांस्कृतिक मेला, प्रदर्शनी र खेलकुद प्रतियोगिताहरू आयोजना गर्ने। | सम्बन्धित स्थानीय तह र प्रदेश सरकारहरू | भाषा आयोग, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, स्थानीय क्लबहरू | ८ महिना | विविधताको उत्सवमय संरक्षण हुने र "विविधतामा एकता" को भावना नागरिक स्तरमा बलियो बन्ने। |
| १९.३ | स्थानीय विकास, पर्यावरण संरक्षण (जस्तैः सामुदायिक वन, खानेपानी) र विपद् व्यवस्थापन जस्ता साझा हितका क्षेत्रहरूमा विभिन्न समुदायका युवा तथा महिला समूहहरूलाई एकीकृत गरी संयुक्त स्वयंसेवा र सहकार्यका कार्यक्रमहरू सञ्चालन गर्ने। | स्थानीय तहहरू र जिल्ला समन्वय समितिहरू | गृह मन्त्रालय (राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण), नेपाल रेडक्रस, नागरिक समाज | निरन्तर (अर्ध-वार्षिक समीक्षा सहित) | सांस्कृतिक भिन्नताभन्दा माथि उठेर साझा हितका लागि सहकार्य गर्ने प्रवृत्तिको विकास भई सामाजिक एकता सुदृढ। |
| २० | **सदाचार र सुशासनका विषयमा अध्ययन, अनुसन्धान र तालिमका लागि विद्यमान तालिम प्रदायक संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने।** | | | | |
| २०.१ | विद्यमान तालिम केन्द्रहरू (जस्तैः नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, राजस्व प्रशासन, न्याय प्रशासन लगायतका तालिम केन्द्र) मा आधुनिक डिजिटल ल्याब, ई-लर्निङ प्लेटफर्म र अनुसन्धान कक्षको स्थापना तथा स्तरोन्नति गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (NASC), सूचना तथा सञ्चार मन्त्रालय | ६ महिना | तालिम प्रदायक संस्थाहरू आधुनिक प्रविधि र पूर्वाधारले सम्पन्न भएका। |
| २०.२ | सदाचार र सुशासनका रैथाने एवं आधुनिक आयाम, अनुसन्धान विधि र व्यवहार परिवर्तन (Behavioral Insights) का विषयमा प्रशिक्षकहरूका लागि सघन प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने। | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | राष्ट्रिय सतर्कता केन्द्र, विश्वविद्यालयहरू, अन्तर्राष्ट्रिय सुशासनविद्हरू | ९ महिना | सदाचार र सुशासनका विषयमा उच्च दक्षता भएका प्रमाणित प्रशिक्षकहरूको समूह (Roster) तयार। |
| २०.३ | सबै तालिम प्रदायक संस्थाहरूमा एकरूपता ल्याउन सदाचार, व्यावसायिक नैतिकता र भ्रष्टाचार न्यूनीकरण सम्बन्धी आधुनिक र व्यावहारिक | राष्ट्रिय सतर्कता केन्द्र | सबै सार्वजनिक तालिम प्रदायक संस्थाहरू, कानून, न्याय तथा | १ वर्ष | राष्ट्रिय स्तरमा स्वीकृत सदाचार तथा सुशासन सम्बन्धी प्रमाणिक |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार

गोविन्द बहादुर कार्की
सचिव

| क. सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| | पाठ्यक्रम, 'केस स्टडी' र सन्दर्भ सामग्रीहरू निर्माण गरी लागू गर्ने। | | संसदीय मामिला मन्त्रालय | | तालिम मोड्युल र सामग्रीहरू उपलब्ध। |
| २१ | **सुशासन प्रवर्धन गर्ने जिम्मेवारीमा रहेका निकाय मार्फत सार्वजनिक र निजी क्षेत्रका लागि आवश्यक नीति सिफारिस र परामर्श सेवा प्रदान गर्ने।** | | | | |
| २१.१ | सार्वजनिक र निजी क्षेत्रमा सुशासनका विद्यमान चुनौती, कानुनी जटिलता र प्रक्रियागत अवरोधहरूको केन्द्रमार्फत अध्ययन-अनुसन्धान गर्ने र त्यसका आधारमा सरकारलाई व्यावहारिक नीतिगत सिफारिस (Policy Briefs) बुझाउने। | राष्ट्रिय सतर्कता केन्द्र, सुशासनसङ्ग सम्बद्ध संस्थाहरु | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, नेपाल उद्योग वाणिज्य महासङ्घ | ६ महिना | सुशासन र सदाचार सुधारका लागि प्रमाणमा आधारित नीतिगत सिफारिसहरू तयार भई सरकारसमक्ष पेस। |
| २१.२ | सार्वजनिक निकाय र निजी कर्पोरेट क्षेत्रको मागका आधारमा आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण, सदाचार योजना निर्माण र संस्थागत सुशासन (Corporate Governance) सम्बन्धी परामर्श सेवा उपलब्ध गराउने। | राष्ट्रिय सतर्कता केन्द्र, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल धितोपत्र बोर्ड, अन्य पेशागत संस्थाहरु | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, | निरन्तर (सुरुवात ७ महिनाबाट) | परामर्श सेवा प्राप्त सार्वजनिक र निजी संस्थाहरूको कार्यप्रणाली पारदर्शी भई संस्थागत सुशासनमा गुणात्मक सुधार। |
| २२ | **सार्वजनिक निकायमा सदाचार परिपालना संयन्त्र (Integrity Compliance Mechanism) गठन गरी जोखिममा आधारित सुपरीवेक्षण गर्ने।** | | | | |
| | | | | | |
| २२.१ | प्रत्येक सार्वजनिक निकायमा आन्तरिक सदाचार र सदाचार अनुपालन हेर्ने गरी एक जिम्मेवार अधिकृत तोक्ने वा संयन्त्र गठन गर्ने र यसको काम, कर्तव्य र अधिकार समेटिएको निर्देशिका जारी गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | राष्ट्रिय सतर्कता केन्द्र, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सबै मन्त्रालयहरू | ४ महिना | सबै सार्वजनिक निकायहरूमा सदाचार अनुपालन संयन्त्र गठन भई कार्यविधि स्वीकृत। |
| २२.२ | बढी आर्थिक कारोबार हुने, जनसम्पर्क धेरै हुने र नीतिगत विचलन आउन सक्ने निकाय र | राष्ट्रिय सतर्कता केन्द्र | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, | ८ महिना | निकायगत सदाचार जोखिमको पहिचान र जोखिममा आधारित |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार

गोविन्द बहादुर कार्की

| क. सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| | क्षेत्रहरूको पहिचान गरी जोखिमका सूचकहरू (Risk Indicators) तयार गर्ने र सोका आधारमा 'जोखिम नक्सा' (Risk Map) बनाउने। | | राष्ट्रिय योजना आयोग, सम्बद्ध मन्त्रालयहरू | | सुपरीवेक्षणका आधारभूत सूचकहरू तयार। |
| २२.३ | तयार पारिएको जोखिम नक्सा र सूचकका आधारमा बढी जोखिमयुक्त ठहरिएका निकायहरूमा सघन अनुगमन तथा सुपरीवेक्षण गर्ने, सोको प्रतिवेदनका आधारमा सुधारात्मक निर्देशन दिने र अनुपालनको स्थिति सार्वजनिक गर्ने। | राष्ट्रिय सतर्कता केन्द्र | सम्बन्धित सार्वजनिक निकायका उच्च व्यवस्थापन, नागरिक समाज, मिडिया | निरन्तर (अर्ध-वार्षिक समीक्षा सहित) | जोखिमयुक्त क्षेत्रमा अनियमितता न्यून भई सार्वजनिक निकायहरूको आन्तरिक सुशासन र सदाचार अनुपालन सुदृढ भएको। |
| २३ | **नियमनकारी निकायहरूको क्षमता अभिवृद्धि गर्दै नागरिकहरूका गुनासो सम्बोधनलाई पारदर्शी र विश्वसनीय बनाउने।** | | | | |
| २३.१ | नियमनकारी निकायहरू (जस्तैः नेपाल धितोपत्र बोर्ड, बीमा प्राधिकरण, दूरसञ्चार प्राधिकरण, कन्सोर्टियम आदि) का जनशक्तिको बजार अनुगमन, फरेन्सिक अडिट र डिजिटल नियमन सम्बन्धी आधुनिक क्षमता विकास गर्ने। | सम्बद्ध मन्त्रालयहरू (अर्थ, सुचना तथा सञ्चार आदि) | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, राष्ट्रिय सतर्कता केन्द्र | ६ महिना | नियमनकारी निकायहरू आधुनिक प्रविधि र दक्ष जनशक्तिले सबल बनेका। |
| २३.२ | नागरिकका चासो, उजुरी र प्रतिक्रियाहरू अनलाइन माध्यमबाट दर्ता गर्ने, सोको स्थिति (Status) ट्र्याक गर्न मिल्ने र सम्बोधनको विवरण सार्वजनिक हुने गरी पारदर्शी 'सिभिक ड्यासबोर्ड' विकास गर्ने। | सबै नियमनकारी निकायहरू | सूचना तथा सञ्चार मन्त्रालय , प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ९ महिना | गुनासो व्यवस्थापनमा पारदर्शिता आई नागरिकले आफ्नो उजुरीको कारबाही प्रक्रिया अनलाइन हेर्न सक्ने व्यवस्था। |
| २३.३ | नियमनकारी निकायहरूले गरेका अनुगमनका निष्कर्ष, कारबाहीका निर्णय र उपभोक्ता हित सम्बन्धी प्रतिवेदनहरूलाई अनिवार्य रूपमा प्रत्येक महिना आफ्नो वेबसाइट र सञ्चार माध्यम मार्फत सार्वजनिक गर्ने। | सबै नियमनकारी निकायहरू | राष्ट्रिय सूचना आयोग, उपभोक्ता हित संरक्षण मञ्च, सञ्चार माध्यमहरू | निरन्तर (मासिक रूपमा) | नियमनकारी निर्णयहरू पारदर्शी भई नागरिक हितको प्रवर्धन र बजार/क्षेत्रगत सुशासन सुनिश्चित भएको। |



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

गोविन्द बहादुर कार्की
सचिव

| क्र. सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| **२४** | **प्रविधिको उपयोग गर्दै नागरिक चासो सम्बोधन अनलाइन प्रणालीबाटै सुनुवाई गर्ने प्रक्रियालाई प्रभावकारी बनाउने।** | | | | |
| २४.१ | नागरिकका चासो र गुनासाहरू दर्ता हुनासाथ स्वचालित रूपमा सम्बन्धित अधिकारीकहाँ पुग्ने, 'टिकट नम्बर' सहितको एसएमएस (SMS) नागरिकले पाउने र भिडियो कन्फरेन्सिङमार्फत अनलाइन सुनुवाइ गर्न मिल्ने प्रणाली स्थापना गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | राष्ट्रिय सतर्कता केन्द्र, सबै सार्वजनिक निकायहरू | ६ महिना | अनलाइन माध्यमबाटै उजुरी लिने र प्रत्यक्ष/भर्चुअल सुनुवाइ गर्ने प्रविधिमैत्री ड्यासबोर्ड सञ्चालन। |
| २४.२ | दर्ता भएका चासो र गुनासाहरूलाई उनीहरूको गम्भीरताका आधारमा वर्गीकरण (Red, Yellow, Green) गरी अधिकतम ७ देखि १५ दिनभित्र अनलाइनबाटै सम्बोधन गरी सोको नतिजा प्रणालीमै सार्वजनिक गर्ने। | सबै सार्वजनिक निकायहरू (सङ्घ, प्रदेश र स्थानीय तह) | राष्ट्रिय सतर्कता केन्द्र, हेलो सरकार कक्ष | निरन्तर (सुरुवात ७ महिनाबाट) | गुनासो सुनुवाइ प्रक्रिया द्रुत, पारदर्शी र जवाफदेही बनेको तथा नागरिक सन्तुष्टिमा वृद्धि भएको। |
| **२५** | **सामुदायिक स्तरमा सदाचार सम्बन्धी संस्था गठन गरी सदाचारिता प्रवर्धन गर्ने संस्थासँग सहकार्य गर्ने।** | | | | |
| २५.१ | प्रत्येक स्थानीय तहका वडाहरूमा नागरिक समाज, युवा, महिला र लब्धप्रतिष्ठित व्यक्तिहरू सम्मिलित "सामुदायिक सदाचार समूह" वा "सदाचार क्लब" गठन गर्ने र यसको सञ्चालन निर्देशिका तयार गर्ने। | स्थानीय तहहरू (७५३ वटै पालिकाहरू) | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय सतर्कता केन्द्र | ४ महिना | स्थानीय स्तरमा सदाचार समूह गठन सम्बन्धी निर्देशिका स्वीकृत र वडा स्तरमा समूहहरूको स्थापना। |
| २५.२ | सामुदायिक स्तरका यी संस्थाहरूलाई सुशासन र पारदर्शिताको क्षेत्रमा कार्यरत स्थापित संस्थाहरू (जस्तैः ट्रान्सपरेन्सी इन्टरनेसनल, सदाचार प्रवर्धन गर्ने निकाय, नागरिक समाज) सँग आबद्ध गराई स्रोत र साधनमा साझेदारी गर्ने। | राष्ट्रिय सतर्कता केन्द्र, गैरसरकारी संस्था महासङ्घ | स्थानीय तहहरू, सुशासनका क्षेत्रमा क्रियाशील गैरसरकारी संस्थाहरू | ८ महिना | स्थानीय र केन्द्रका संस्थाहरू बीच सञ्जाल (Networking) निर्माण भई प्राविधिक तथा अध्ययन सामग्रीको आदानप्रदान। |
| २५.३ | गठित सामुदायिक संस्थाहरू र साझेदार संस्थाहरूको संयुक्त पहलमा स्थानीय आयोजनाहरूको सामाजिक परीक्षण (Social | सम्बन्धित स्थानीय तहहरू र | जिल्ला समन्वय समिति, स्थानीय सञ्चार माध्यम, नागरिक समाज | निरन्तर (अर्ध-वार्षिक समीक्षा सहित) | स्थानीय विकास निर्माण र सेवा प्रवाहमा पारदर्शिता वृद्धि भई |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

गोविन्द बहादुर कार्की
सचिव

| क. सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| | Audit), सार्वजनिक सेवाको निगरानी र गाउँ-टोलमा सदाचार सचेतना अभियानहरू सञ्चालन गर्ने। | सामुदायिक सदाचार समूहहरू | | | नागरिक स्तरमा सदाचार संस्कृतिको विकास। |
| २६ | **सदाचारमा उत्कृष्टता प्रदर्शन गर्ने व्यक्ति र संस्थालाई सार्वजनिक रूपमा सम्मान/ पुरस्कार प्रदान गर्ने।** | | | | |
| २६.१ | पुरस्कारलाई निष्पक्ष र गरिमामय बनाउन उत्कृष्ट व्यक्ति (कर्मचारी/नागरिक) र संस्था छनौट गर्ने वस्तुनिष्ठ सूचक, सिफारिस प्रक्रिया र स्वतन्त्र छनौट समिति सम्बन्धी कार्यविधि निर्माण गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | ४ महिना | सदाचार पुरस्कार तथा सम्मान कार्यविधि तयार। |
| २६.२ | अन्तर्राष्ट्रिय भ्रष्टाचार विरुद्धको दिवस (डिसेम्बर ९) वा राष्ट्रिय सुशासन दिवसको अवसरमा पारदर्शी रूपमा छानिएका उत्कृष्ट व्यक्ति र संस्थाहरूलाई सार्वजनिक रूपमा पुरस्कृत गर्ने र उनीहरूको सदाचारी कार्यलाई आमसञ्चार माध्यमबाट प्रचार गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सूचना तथा प्रसारण विभाग, नेपाल पत्रकार महासङ्घ, स्थानीय तहहरू | वार्षिक/निरन्तर | सदाचारी व्यक्ति र संस्थाहरू प्रोत्साहित हुने वातावरण निर्माण भई समाजमा नैतिक आचरणप्रति आकर्षण बढेको। |
| २७ | **राष्ट्रबाट गरिने सम्मान, प्रदान गरिने विभूषण तथा पदक निर्धारण गर्दा व्यक्तिको सदाचारिता र सार्वजनिक निष्ठालाई आधार बनाउने।** | | | | |
| २७.१ | राष्ट्रिय सम्मान, विभूषण तथा पदक प्रदान गर्दा पालना गर्नुपर्ने सदाचारिता, कर चुक्ता, फौजदारी कसूर नलागेको लगायतका सार्वजनिक निष्ठा सम्बन्धी कडा मापदण्ड समावेश गरी विद्यमान कानुनी व्यवस्था परिमार्जन गर्ने। | गृह मन्त्रालय | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ४ महिना | सदाचारिता र सार्वजनिक निष्ठालाई अनिवार्य सर्त बनाइएको परिमार्जित विभूषण ऐन नियमावली तर्जुमा। |
| २७.२ | विभूषणका लागि सिफारिस भएका व्यक्तिहरूको पृष्ठभूमि, नैतिक आचरण र वित्तीय/सदाचार निष्ठा जाँच गर्न एक स्वचालित वा एकीकृत छानबिन संयन्त्र निर्माण गर्ने। | गृह मन्त्रालय (विभूषण समिति) | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, नेपाल प्रहरी (विशेष | ६ महिना | सिफारिस भएका उम्मेदवारहरूको बहुनिकायबाट निष्पक्ष सदाचारिता प्रमाणीकरण (Clearance) हुने प्रणाली स्थापित। |



प्रधानमन्त्री तथा मन्त्रिपरिषद् ... नेपाल सरकार ... सिंहदरबार

गोविन्द बहादुर कार्की
सचिव

| क्र. सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| | | | ब्युरो), सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | | |
| २७.३ | पदक प्राप्त गर्ने सम्भावित व्यक्तिहरूको सूची निर्णय हुनु अगावै सार्वजनिक गरी नागरिक स्तरबाट दाबी-विरोध वा गुनासो आह्वान गर्ने र विवादरहित, योग्य र निष्ठावान् व्यक्तिलाई मात्र पुरस्कृत गर्ने। | गृह मन्त्रालय | सूचना तथा प्रसारण विभाग, आमसञ्चार माध्यमहरू, नागरिक समाज | निरन्तर (हरेक वर्ष पदक घोषणा पूर्व) | राष्ट्रिय पदक र सम्मानको गरिमा अभिवृद्धि भई समाजमा सदाचारी र निष्ठावान् व्यक्तिको पहिचान स्थापित। |
| २८ | **सार्वजनिक जिम्मेवारीमा रहेका व्यक्तिहरू आफूले सम्पादन गर्ने काम र यससँग सम्बन्धित विषयमा स्वयम् सुसूचित हुने।** | | | | |
| २८.१ | सार्वजनिक जिम्मेवारी सम्हाल्ने बित्तिकै पदाधिकारीहरू (राजनीतिक तथा प्रशासनिक) लाई आफ्नो पदको कार्यविवरण, सम्पादन गर्नुपर्ने कामसँग सम्बन्धित ऐन, नियम, कार्यविधि र राष्ट्रिय/अन्तर्राष्ट्रिय असल अभ्यासहरू समेटिएको 'डिजिटल र नवप्रवेशी ज्ञान सङ्ग्रह' अनिवार्य उपलब्ध गराउने। | सबै सार्वजनिक निकायहरू (सङ्घ, प्रदेश र स्थानीय तह) | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (NASC), कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, | ३ महिना (पदबहाली सँगै) | प्रत्येक पदाधिकारी आफ्नो कार्यक्षेत्र र कानुनी सीमाबारे स्वयम् सुसूचित र सचेत रहने वातावरण निर्माण। |
| २८.२ | सार्वजनिक जिम्मेवारीमा रहेका व्यक्तिहरूका लागि समसामयिक नीतिगत परिवर्तन, प्रविधि र सुशासनका नयाँ आयामबारे स्व-अध्ययन गर्न मिल्ने ई-लर्निङ पोर्टल (E-learning Portal) को विकास गर्ने र त्रैमासिक रूपमा विज्ञहरूसँगको अन्तर्क्रिया तथा 'ब्रिफिङ सेसन' सञ्चालन गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र | भूमी व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सबै मन्त्रालयहरू | निरन्तर (हरेक ४ महिनामा) | सार्वजनिक पदाधिकारीहरू आफ्नो काम र निर्णय प्रक्रियाप्रति पूर्ण रूपमा सुसूचित भई नीतिगत विचलन न्यूनीकरण। |
| २९ | **स्वजागरण, स्वनियमन, स्वपरीक्षण र स्वमूल्याङ्कनबाट संस्थागत सुशासन प्रवर्धन गर्ने।** | | | | |
| २९.१ | सार्वजनिक निकायका कर्मचारी र पदाधिकारीहरूमा पदीय जिम्मेवारी र नैतिक आचरणप्रति स्व-जागरण पैदा गर्न ध्यान, योग, तनाव व्यवस्थापन र सुशासन | सबै सार्वजनिक निकायहरू | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (NASC), राष्ट्रिय सतर्कता केन्द्र | निरन्तर | कर्मचारीहरूमा कार्यप्रति सकारात्मक दृष्टिकोण र नैतिक जिम्मेवारी वोध भएको। |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार

गोविन्द बहादुर कार्की
सचिव

| क. सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| | सम्बन्धी आत्मबोध गराउने अभिमुखीकरण कार्यक्रम नियमित सञ्चालन गर्ने। | | | | |
| २९.२ | प्रत्येक निकायले आफ्नो विशिष्ट कार्यप्रकृति अनुसारको 'आन्तरिक सदाचार आचारसंहिता' (Internal Code of Conduct) निर्माण गर्ने र पदाधिकारीहरूले स्वार्थको द्वन्द्व (Conflict of Interest) नभएको र सदाचारिता पालना गर्ने लिखित स्व-घोषणा गर्ने व्यवस्था लागू गर्ने। | सबै सार्वजनिक निकायहरू | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय | ६ महिना | आन्तरिक आचारसंहिता स्वीकृत भई सबै कर्मचारीहरू स्वनियमनको दायरामा आएका। |
| २९.३ | आर्थिक, प्रशासनिक र नीतिगत निर्णयहरू कानुनी दायराभित्र छन् वा छैनन् भनी स्व-जाँच गर्न प्रत्येक कार्यालयमा 'आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका' बमोजिम त्रैमासिक रूपमा स्वपरीक्षण चेकलिस्ट (Checklist) भरी अभिलेख राख्ने। | सम्बन्धित निकायका प्रमुख तथा आर्थिक प्रशासन शाखा | महालेखा परीक्षकको कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय | निरन्तर (हरेक त्रैमासमा) | आर्थिक र प्रशासनिक प्रक्रियामा हुनसक्ने त्रुटिहरू आन्तरिक रूपमै बेलैमा पहिचान र सुधार हुने। |
| २९.४ | संस्थाको पारदर्शिता, जवाफदेहिता र सेवा प्रवाहको अवस्था आफैं मापन गर्न मिल्ने गरी वेबमा आधारित स्वमूल्याङ्कन सफ्टवेयर/सूचकहरू विकास गरी कार्यान्वयन गर्ने। | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय सतर्कता केन्द्र | राष्ट्रिय योजना आयोग, सबै मन्त्रालयहरू र स्थानीय तहहरू | ९ महिना | सबै निकायहरूले आ-आफ्नो सुशासनको अवस्था स्वमूल्याङ्कन गरी अनलाइन प्रविष्टि गरेको। |
| २९.५ | स्वमूल्याङ्कनबाट प्राप्त अङ्क र नतिजालाई सार्वजनिक निकायको उच्च व्यवस्थापन तहमा समीक्षा गरी कमजोरी देखिएका क्षेत्रहरू सुधार गर्न आगामी वर्षका लागि "आन्तरिक सुशासन कार्ययोजना" स्वयम् स्वीकृत गरी कार्यान्वयन गर्ने। | सम्बन्धित सार्वजनिक निकायको उच्च व्यवस्थापन | राष्ट्रिय सतर्कता केन्द्र, नागरिक समाज | वार्षिक/निरन्तर | बाह्य निकायको दबाब विना नै संस्था आफैं भित्रबाट निरन्तर सुधार र सुशासनतर्फ उन्मुख भएको। |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार

गोविन्द बहादुर कार्की
सचिव

| क्र. सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ३० | **नियमनकारी निकायमार्फत सूचक विकास गरी स्वनियमनलाई प्रभावकारी बनाउने।** | | | | |
| ३०.१ | नियमनकारी निकायहरू (जस्तैः नेपाल राष्ट्र बैंक, धितोपत्र बोर्ड, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, आदि) मार्फत आ-आफ्नो क्षेत्रका संस्थाहरू (बैंक, व्यावसायिक प्रतिष्ठान, सेवा प्रदायक) का लागि सुशासन, पारदर्शिता र नैतिक व्यावसायिक आचरण मापन गर्ने वस्तुनिष्ठ सूचकहरूको विकास गर्ने र सरोकारवालाहरूलाई अभिमूखीकरण गर्ने। | सबै नियमनकारी निकायहरू | राष्ट्रिय सतर्कता केन्द्र, नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था | ६ महिना | नियमनकारी निकायहरूद्वारा अनुमोदित 'स्वनियमन सूचक तथा निर्देशिका' जारी। |
| ३०.२ | सम्बन्धित संस्थाहरूले ती सूचकका आधारमा आफ्नो स्वनियमनको अवस्था आफैं परीक्षण गरी वार्षिक प्रतिवेदन नियमनकारी निकायमा बुझाउनुपर्ने व्यवस्था गर्ने र सोको आधारमा नियमनकारी निकायले 'जोखिम प्रोफाइल' (Risk Profile) तयार गरी अनुगमनको प्राथमिकता निर्धारण गर्ने। | सबै नियमनकारी निकायहरू | सम्बन्धित प्रदायक वा व्यावसायिक संस्थाहरू, राष्ट्रिय योजना आयोग | निरन्तर (वार्षिक प्रतिवेदन चक्र अनुसार) | बाह्य हस्तक्षेप बिना नै संस्थाहरू आफैं कानुनी र नैतिक दायराभित्र संचालित हुने प्रणालीको विकास। |
| ३०.३ | नियमनकारी निकायहरू (जस्तैः नेपाल राष्ट्र बैंक, धितोपत्र बोर्ड, उपभोक्ता हित संरक्षण विभाग, आदि) मार्फत आ-आफ्नो क्षेत्रका संस्थाहरू (बैंक, व्यावसायिक प्रतिष्ठान, सेवा प्रदायक) का लागि सुशासन, पारदर्शिता र नैतिक व्यावसायिक आचरण मापन गर्ने वस्तुनिष्ठ सूचकहरूको विकास गर्ने र सरोकारवालाहरूलाई अभिमूखीकरण गर्ने। | सबै नियमनकारी निकायहरू | राष्ट्रिय सतर्कता केन्द्र, नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) | ६ महिना | नियमनकारी निकायहरूद्वारा अनुमोदित 'स्वनियमन सूचक तथा निर्देशिका' जारी। |



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

गोविन्द बहादुर कार्की
सचिव

| क. सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ३१ | **स्वपरीक्षण प्रणालीको माध्यमबाट कार्य सम्पादनको पारदर्शिता र प्रभावकारिता सुनिश्चित गर्ने।** | | | | |
| ३१.१ | प्रत्येक सार्वजनिक निकायले सम्पादन गर्ने मुख्य-मुख्य कार्य (जस्तैः खरिद प्रक्रिया, सेवा प्रवाह, निर्णय निर्माण) का लागि पारदर्शिता र कानुनी रीत पुगे/नपुगेको स्वयम् जाँच्न मिल्ने प्राविधिक सूचक र अनलाइन 'स्वपरीक्षण चेकलिस्ट' निर्माण गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र | सूचना तथा सञ्चार मन्त्रालय, महालेखा परीक्षकको कार्यालय | ५ महिना | कार्यसम्पादनका वस्तुनिष्ठ सूचक र स्वपरीक्षण गर्ने डिजिटल प्रणाली (Portal) तयार। |
| ३१.२ | प्रत्येक शाखा/एकाईले आफ्नो कार्यसम्पादनको मासिक वा त्रैमासिक रूपमा स्वपरीक्षण गरी सोको नतिजा (Score कार्ड) कार्यालय प्रमुख समक्ष र नागरिकले देख्ने गरी वेबसाइटमा सार्वजनिक गर्ने र प्राप्त कमजोरीका आधारमा कार्यप्रणालीमा सुधार गर्ने। | सबै सार्वजनिक निकायहरू (सङ्घ, प्रदेश र स्थानीय तह) | राष्ट्रिय सतर्कता केन्द्र, नागरिक समाज, सञ्चार माध्यमहरू | निरन्तर (हरेक त्रैमासमा) | कार्यसम्पादन प्रक्रिया पारदर्शी भई गल्तीहरू बेलैमा सच्चिने र सार्वजनिक सेवा प्रवाहको प्रभावकारितामा वृद्धि। |
| ३२ | **स्वमूल्याङ्कनका मापदण्डहरू विकास गर्दै संस्थागत सुधारका लागि आधार तयार गर्ने र सोको आधारमा सुधारात्मक कदमहरू अपनाउने।** | | | | |
| ३२.१ | संस्थाको प्रशासनिक, वित्तीय, र सेवा प्रवाहको अवस्था मापन गर्न मिल्ने गरी बुँदागत सूचक, अङ्कभार र प्रमाणीकरणका आधारहरू समेटिएको "संस्थागत सुशासन स्वमूल्याङ्कन कार्यविधि" तर्जुमा गर्ने। | सबै सार्वजनिक निकायहरु | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय योजना आयोग | ४ महिना | सुधारको आधार तय गर्ने स्वीकृत संस्थागत स्वमूल्याङ्कन मापदण्ड तथा निर्देशिका तयार। |
| ३२.२ | स्वीकृत मापदण्डका आधारमा प्रत्येक सार्वजनिक निकायले वर्षको एक पटक अनिवार्य रूपमा आन्तरिक मूल्याङ्कन गर्ने, सोको नतिजा अनलाइन ड्यासबोर्डमा प्रविष्टि गर्ने र सबल एवं दुर्बल | सबै सार्वजनिक निकायहरू (सङ्घ, प्रदेश र स्थानीय तह) | राष्ट्रिय सतर्कता केन्द्र,सूचना प्रविधि विभाग | ८ महिना | सबै निकायको सुशासनको वास्तविक अवस्था र सुधार गर्नुपर्ने क्षेत्रहरू स्पष्ट रूपमा पहिचान भएको। |



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

गोविन्द बहादुर कार्की
सचिव

| क. सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| | पक्षको "संस्थागत सुशासन स्थिति प्रतिवेदन" तयार गर्ने। | | | | |
| ३२.३ | स्वमूल्याङ्कनमा कमजोर अङ्क प्राप्त भएका सूचकहरूलाई लक्षित गरी समयसीमा सहितको सुधारात्मक कार्ययोजना बनाई लागू गर्ने र सोको कार्यान्वयन स्थितिलाई पदाधिकारीहरूको कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गर्ने। | सम्बन्धित सार्वजनिक निकायको उच्च व्यवस्थापन | राष्ट्रिय सतर्कता केन्द्र, लोक सेवा आयोग, अर्थ मन्त्रालय | निरन्तर (अर्ध-वार्षिक अनुगमन सहित) | स्वमूल्याङ्कनकै आधारमा कार्यप्रणालीमा निरन्तर सुधार भई संस्थागत सुशासन र सेवा प्रवाहको गुणस्तर सुदृढ। |
| ३३ | **सार्वजनिक निकायले सम्पादन गर्ने कार्यका सम्बन्धमा निकाय प्रमुखको जिम्मेवारीमा सेवाग्राहीसँग आवधिक अन्तरक्रिया गर्ने।** | | | | |
| ३३.१ | प्रत्येक सार्वजनिक निकायले वर्षभरि गरिने लाभग्राही अन्तर्क्रिया (जस्तैः सार्वजनिक सुनुवाइ, प्रत्यक्ष संवाद, गुनासो चौतारी) को समय, स्थान र लक्षित लाभग्राही समूह समेटिएको वार्षिक कार्यतालिका (Calendar) र सञ्चालन कार्यविधि तयार गर्ने। | सबै सार्वजनिक निकायका प्रमुखहरू | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय सतर्कता केन्द्र | २ महिना | निकाय प्रमुखको प्रत्यक्ष जिम्मेवारी रहने गरी स्वीकृत अन्तरक्रिया कार्यतालिका (Calendar) सार्वजनिक भएको। |
| ३३.२ | निकाय प्रमुखकै उपस्थितिमा प्रत्येक तीन महिनामा सेवाग्राही र सरोकारवाला लाभग्राहीहरू आमन्त्रण गरी संस्थाको कार्यसम्पादन, बजेट खर्च र सेवा प्रवाहको अवस्थाबारे खुला अन्तरक्रिया र सवाल-जवाफ कार्यक्रम सञ्चालन गर्ने। | सम्बन्धित सार्वजनिक निकायका प्रमुखहरू | स्थानीय तहहरू, नागरिक समाज, स्थानीय सञ्चार माध्यम | निरन्तर (प्रत्येक ३/३ महिनामा) | सेवा प्रवाह र विकास निर्माणका सम्बन्धमा लाभग्राहीका सुझाव र गुनासाहरू सिधै निकाय प्रमुखसमक्ष पुग्ने वातावरण बनेको। |
| ३३.३ | अन्तरक्रियाका क्रममा लाभग्राहीबाट आएका रचनात्मक सुझाव र गुनासाहरूलाई कार्यसूची (Action Points) का रूपमा दर्ता गरी सुधार गर्ने र के-कस्ता सुधारहरू गरिए भन्ने विवरण आगामी अन्तरक्रिया वा वेबसाइटमार्फत सार्वजनिक गर्ने। | सम्बन्धित सार्वजनिक निकायका प्रमुखहरू तथा सूचना अधिकारी | राष्ट्रिय सतर्कता केन्द्र, हेलो सरकार कक्ष | निरन्तर (अर्ध-वार्षिक समीक्षा सहित) | लाभग्राहीको पृष्ठपोषणका आधारमा कार्यप्रणालीमा सुधार आई सार्वजनिक निकाय र नागरिक बीचको सम्बन्ध सुदृढ। |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सिंहदरबार, काठमाडौं

गोविन्द बहादुर कार्की
सचिव

| क. सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ३४ | **परिवार, समाज र कार्यस्थलमा इमान्दारिता, सद्भाव, करुणा, विश्वास, मनको सुन्दरता, निष्पक्षता, बौद्धिकता, सहयोगीपन, सकारात्मकता जस्ता मानवीय मूल्यको प्रवर्धन हुने क्रियाकलापलाई प्रोत्साहन गर्ने।** | | | | |
| ३४.१ | स्थानीय तहमार्फत टोल-टोलमा पारिवारिक संवाद, लोकतन्त्र र आचरण शिक्षा, ज्येष्ठ नागरिकका अनुभव आदानप्रदान तथा युवाहरूमा करुणा र सद्भाव जगाउने समुदाय-स्तरका अन्तर्क्रियात्मक कार्यक्रमहरू सञ्चालन गर्ने। | स्थानीय तहहरू (७५३ वटै पालिकाहरू) | भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सामाजिक सङ्घ-संस्थाहरू, स्थानीय आमा समूह तथा क्लबहरू | ६ महिना | पारिवारिक र सामाजिक सम्बन्धहरूमा विश्वास, आपसी सद्भाव र सहयोगीपनको भावना अभिवृद्धि भएको। |
| ३४.२ | सबै सार्वजनिक तथा निजी निकायहरूमा कार्यस्थलको वातावरणलाई तनावमुक्त बनाउन ध्यान, सकारात्मक सोच, बौद्धिकता विकास र पारस्परिक विश्वास (Team Building) सम्बन्धी नियमित अभिमुखीकरण तथा 'ह्याप्पी वर्कप्लेस' (Happy Workplace) अवधारणा लागू गर्ने। | सबै सार्वजनिक र निजी संस्थाहरू | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (NASC), राष्ट्रिय सतर्कता केन्द्र, नेपाल व्यवस्थापन संघ लगायतका संघ संस्थाहरु | ९ महिना | कार्यस्थलमा स्वच्छ र तनावरहित वातावरणको विकास भई सेवा प्रवाह र उत्पादकत्वमा सुधार। |
| ३४.३ | समाज, परिवार वा कार्यस्थलमा दया, करुणा, इमान्दारिता र निःस्वार्थ सहयोगीपनको उत्कृष्ट उदाहरण प्रस्तुत गर्ने व्यक्तिहरूलाई स्थानीय र राष्ट्रिय स्तरमा पहिचान गरी सम्मानित गर्ने र उनीहरूको जीवनकथालाई सञ्चार माध्यमबाट प्रचार गर्ने। | गृह मन्त्रालय, स्थानीय तहहरू | सूचना तथा प्रसारण विभाग, नेपाल पत्रकार महासङ्घ, नागरिक समाज | निरन्तर (वार्षिक रूपमा) | समाज र कार्यस्थलमा सकारात्मक रोल मोडलहरूको जग बस्ने र नयाँ पुस्तामा मानवीय मूल्यहरूप्रति आकर्षण बढ्ने। |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, का...

गोविन्द बहादुर कार्की
सचिव